

महेन्द्र माला
कक्षा ४

# महेन्द्र माला

## कक्षा ४

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर


सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लि. मा सुरक्षित

संस्करणहरू २०२८, २०२९, २०३०, २०३१, २०३२, २०३३, २०३४, २०३५,
२०३६, २०३६,

परिमार्जित पाठ्यक्रम अनुसार पहिलो संस्करण २०३८

मूल्य ३।६५

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।



"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु।"

श्री ५ वीरेन्द्र



स्वर्गीय

# श्री ५ महेन्द्रको सन्देश

आफ्नो परम्पराअनुसार शिक्षालाई आजको बदलिँदो युग सुहाउने बनाउन र देश तथा नेपाली समाजको विकासको आवश्यकतालाई परिपूर्ति गर्न श्री ५ को सरकारले नयाँ राष्ट्रिय शिक्षा पद्धति तयार गरी यसै २०२८ सालको शैक्षिक सत्रदेखि क्रमशः अधिराज्यभर लागू गर्दै लैजाने कुरा सबैलाई थाहा नै छ। यसै नयाँ शिक्षा योजना अन्तर्गत तयार गरी पाठ्यक्रम अनुरूप लेखिएका पुस्तकहरूमध्ये यो पनि एउटा हो।

आजको विज्ञान र प्राविधिक ज्ञानको क्षेत्रमा भएको अभूतपूर्व उन्नतिले गर्दा विश्वका विकसित मुलुकहरूका मानिसहरूको जीवनस्तर धेरै माथि पुगिसकेको छ। त्यसैले हाम्रो मुलुकमा पनि सैद्धान्तिक र व्यावहारिक शिक्षाको खास गरेर व्यावसायिक शिक्षाको प्रचार व्यापक रूपमा गर्न नितान्त आवश्यक भएको छ। यसर्थ हाम्रा देशका सबै बालबालिकाहरू जीवनोपयोगी शिक्षा हासिल गरी आफ्नै खुट्टामा उभिन सक्ने होऊन्, अनुशासित बनी दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्था अनुरूप देशको सार्वभौमिकतालाई अक्षुण्ण राखी देशविकासको काममा प्रभावकारी योगदान दिन समर्थ होऊन् भन्ने उद्देश्यले यो पुस्तक र यस्तै तरीकाले लेखिएका अरू पुस्तकहरू पनि क्रमशः मुलुकका सबै बालबालिकाहरूलाई उपलब्ध गराइँदै छन्। यसबाट मुलुकका सबै बालबालिकाहरूले फाइदा उठाई आफूलाई चरित्रवान्, गुणी र स्वावलम्बी नागरिक बनाउन सकून्! यही मेरो हार्दिक कामना छ।

# प्राक्कथन

परिवर्तन विकासको सोपान हो । देशको आर्थिक र सामाजिक विकास गरी जनताको जीवनस्तर माथि उठाउने श्री ५ महाराजाधिराज सरकारको सदिच्छानुसार देशमा चलेको र भविष्यमा चल्ने विभिन्न विकास कार्यहरूमा आवश्यक पर्ने देशभक्त, वफादार र अनुशासित जनशक्ति उत्पादन गर्ने उद्देश्यले शिक्षामा परिवर्तन गर्न आवश्यक परेको थियो ।

उपर्युक्त राष्ट्रिय आवश्यकता र आकाङ्क्षा पूर्तिको लागि श्री ५ को सरकारले २०२८ सालदेखि राष्ट्रिय शिक्षा योजना लागू गरेको छ । राष्ट्रिय शिक्षा योजनाले राष्ट्र र राष्ट्रियताप्रति आस्था जगाई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, पञ्चायती व्यवस्था अनुकूल आफ्नो अधिकार र कर्तव्यप्रति सजग र सक्रिय रहने नागरिक तयार गर्ने, आवश्यक प्राविधिक दक्षाताको विकास गर्ने, विद्यार्थीलाई नैतिक, परिश्रमी र स्वावलम्बी तुल्याउने, उनीहरूको सिर्जनात्मक प्रवृत्तिको विकास गराउने र राष्ट्रभाषा, संस्कृति, साहित्य आदिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्य लिएको छ ।

यी लक्ष्य अनुरूपका विद्यार्थीहरू तयार गर्नका लागि विद्यार्थीहरूको क्षमता र स्तर अनुकूल उपयुक्त पाठ्यपुस्तकहरूको नितान्त आवश्यकता पर्दछ । पाठ्यक्रमको सफलता पाठ्यपुस्तकमा नै आधारित भएकोले पाठ्यपुस्तकहरूलाई सकभर अपेक्षित ढङ्गका बनाउन खोजिएको छ ।

श्री ५ को सरकारको शिक्षानीति अनुकूल वैज्ञानिक ढङ्गबाट प्राथमिक कक्षाका बालबालिका-हरूको लागि पाठ्यपुस्तकहरू तयार गर्ने अभिप्रायले स्थापना भएको जनक शिक्षा सामग्री केन्द्रबाट हाल श्री ५ को सरकारको राष्ट्रिय शिक्षा योजना, २०२८ अनुसार माध्यमिक तहसम्मका पाठ्पुस्तकहरू तयार गराइने व्यवस्था भएको छ । प्रमुख विषयका सबै पाठ्य-पुस्तकहरू लेखाउने र छपाउने, यी पाठ्यपुस्तक तथा अन्य शिक्षण सामग्रीहरू नेपाल अधिराज्यका सम्पूर्ण शिक्षण संस्थाहरूमा बिक्री वितरण गर्ने गराउने र पाठ्यपुस्तकहरूका उन्नतिका लागि अनुसन्धान कार्यलाई प्रोत्साहित गर्दै लैजाने यस केन्द्रका मुख्य उद्देश्यहरू हुन् । यही उद्देश्यानुरूप यो पुस्तक तयार गरिएको हो ।

महेन्द्र माला कक्षा–४ सर्वप्रथम २०२८ सालमा प्रकाशित भएको हो र पछि २०२९ मा केन्द्रद्वारा नै संशोधन भै (दोस्रो संस्करणदेखि) प्रकाशित गर्ने कार्य भयो । श्री ५ को सरकारले पाठ्यपुस्तकहरूको परिमार्जन गर्न आवश्यक ठानेकोले शिक्षा मन्त्रालयको आयोजना र निर्देशनमा शिक्षाविद्हरूको परिमार्जन उप–समिति गठन भै उक्त उप–समितिद्वारा २०३६ को संस्करणदेखि परिमार्जित रूपमा प्रकाशित भएकोमा २०३८ को शैक्षिक सत्र देखि लागू हुने परिमार्जित पाठ्यक्रम अनुरूप पुनः संशोधन गरी हाल यो पुस्तक प्रकाशित गरिएको छ ।

यस पुस्तकलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने काममा शिक्षाविद्हरूको सल्लाह र सुझाउको यो केन्द्र हार्दिक स्वागत गर्दछ ।

श्री ५ को सरकारको पूर्ण स्वामित्त्व भएको
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

# विषय सूची


| | | |
|---|---|---|
| १. | ईश विनय | १ |
| २. | दाउरे र बन्चरो | ४ |
| ३. | आदिकवि भानुभक्त आचार्य | ७ |
| ४. | लुम्बिनी | १० |
| ५. | तिहार | १३ |
| ६. | झगडाको ओखती | १६ |
| ७. | पशुपतिनाथ | २० |
| ८. | हरियो वन नेपालको धन | २४ |
| ९. | पिताज्यूलाई चिठी | २८ |
| १०. | महारानी राज्यवती | ३० |
| ११. | मौकामा हीरा फोर्नु | ३४ |
| १२. | आज्ञाकारी पाठाहरू | ३८ |
| १३. | गाई | ४१ |
| १४. | गाउँछ गीत नेपाली | ४४ |
| १५. | खरायो र सिंह | ४७ |
| १६. | आगलागी र यसबाट बचावट | ५० |
| १७. | रामशाहको निर्याँ | ५५ |
| १८. | वालि र रावण | ५७ |
| १९. | शैक्षिक भ्रमण | ६२ |
| २०. | सगरमाथा | ६५ |

# ईश विनय

–लेखनाथ पौड्याल



जय जगदीश्वर ! जय अविनाशी
जय जय भगवन् ! करूणाराशी ।
शक्ति छ प्रभुको अपरम्पार
घुम्दछ जसमा सब संसार ।।

१

जलचर, थलचर, ग्रहगण तारा
सूर्य लगायत सुर, मुनि सारा ।
केवल प्रभुको करूणा पाई
गर्छन् निजनिज कर्म रमाई ।।

२

सुर मुनि देखि भुसुनासम्म
प्रभु नै सबका घटमा टम्म ।
प्रभुका लेखा प्राणी मात्र
पुत्र–बराबर करूणा पात्र ॥

३

प्रभु नै उन्नति अवनति गरने
प्रभु नै सब कुछ हरने भरने ।
प्रभु नै दुनियाँ भरको स्वामी
शरणागत छौं प्रभुकै हामी ॥

४

बालक हामी शिर निहुराई
प्रभुका पदमा भक्ति लगाई
पढ्न तयारी छौं सब नाथ
पार लगाऊ करूणा साथ ॥

५

**शब्द र अर्थ**

| | |
|---|---|
| जगदीश्वर | = जगत्‌को मालिक, भगवान् |
| अविनाशी | = कहिले नाश नहुने |
| करूणाराशी | = दया, मायाको खानी |
| अपरम्पार | = पार नपाई सक्नु |
| जलचर | = पानीमा रहने जीवहरू |
| थलचर | = पृथ्वीमा रहने प्राणीहरू |
| ग्रहगण | = सूर्यलाई घुम्ने ताराको समुदाय |
| सुर | = देवता, स्वामी, मालिक |
| मुनि | = ऋषि |

| | | |
|---|---|---|
| निज | = | अफ्नो |
| लेखा | = | निम्ति |
| अवनति | = | उन्नति नहुनु |
| शिर | = | टाउको |

## नमूना अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख**

(क) प्रभुको शक्ति कस्तो छ ?

(ख) सबैले प्रभुको करूणा पाएर आफ्नो आफ्नो कर्म कसरी गर्छन् ?

(ग) प्रभुका लेखा प्राणीहरू सबै को हुन् ?

(घ) बालकहरू प्रभुसँग कस्तो प्रार्थना गर्छन् ?

(ङ) सबै प्राणीहरूका प्रभु को हुन् ?

**२. वाक्यमा प्रयोग गर**

शक्ति, करूणा, कर्म, भक्ति

३. एक वा एकभन्दा बढी अक्षर मिलेको मतलब निस्कने लवजलाई शब्द भन्दछन् । जस्तै:– घर, पाठशाला, म, तिमी, राम्रो, कुकुर इत्यादि

# दाउरे र बन्चरो



एका देशमा एउटा दाउरे थियो । उसले दिनभर दाउरा काटेर बेची खाने गर्दथ्यो । सम्पत्तिको नाउँमा उसको एउटा बन्चरो मात्र थियो । यही बन्चरोको सहायताले ऊ बाँचेको थियो ।

एक दिन त्यो दाउरे कुनै पोखरीको नजीकैको रूखमा दाउरा काटिरहेको थियो । उसको हातबाट एक्कासि बन्चरो फुत्केर पोखरीमा खस्यो । पोखरी गहिरो थियो । दाउरेले बन्चरो झिक्न सकेन । ऊ आत्तिएर रून कराउन थाल्यो । त्यसको रुवाई सुनेर जलदेवता पोखरीबाट बाहिर निस्के । उनले दाउरेलाई सोधे–"ए दाउरे, तिमीलाई के भयो ? किन रोएको ?" दाउरेले आफ्नो सम्पूर्ण हाल सुनायो । यो सुनेर जलदेवता पानीमा पसे । एकछिन पछि जलदेवताले सुनको बन्चरो देखाएर दाउरेलाई सोधे –

"तिम्रो बन्चरो यही हो ?" दाउरेले भन्यो –"त्यो बन्चरो मेरो होइन । मेरो बन्चरो त्यस्तो छैन ।"

जलदेवता फेरि पोखरीभित्र पसे । एकछिन पछि उनले चाँदीको बन्चरो देखाएरभने – "ए दाउरे दाइ, यो बन्चरो तिम्रो हो ?" दाउरेले भन्यो– "होइन, त्यस्तो छैन, मेरो बन्चरो त्यो होइन ।" यस्तो सुनेर जलदेवता फेरि पानीमा पसे । एकछिन पछि जलदेवताले दाउरेको फलामको बन्चरो देखाएर सोधे– "ए दाउरे दाइ, यो बन्चरो तिम्रो हो ?" दाउरेले आफ्नो बन्चरो देख्नासाथ खुशी हुँदै भन्यो– "हो, मेरो बन्चरो यही हो ।" जलदेवता एकदम खुशी भई दाउरेलाई तीन ओटै बन्चराहरू दिए ।

दाउरे एकदम खुशी भएर घर फर्क्यो । यो कुरा उसले उसका गाउँले सबैलाई सुनायो । त्यो कुरो सुनेर एउटा अर्को दाउरेको मनमा लोभ उत्पन्न भयो । उसले जलदेवतालाई छकाएर सुनको बन्चरो ल्याउने विचार गर्‍यो । लोभी दाउरे फलामको बन्चरो लिई त्यही पोखरीको छेउमा गयो । उसले रूखमा चढी दाउरा काटेजस्तो गरेर फलामको बन्चरो पोखरीमा खसाल्यो । बन्चरो खसेपछि अलाप विलाप गरी रून कराउन थाल्यो ।

एकछिन पछि जलदेवता बाहिर निस्के । उनले दाउरेलाई सोधे– "तिमी किन रोएको ?" लोभी दाउरेले भन्यो– "मेरो कमाई गरेर खाने बन्चरो पोखरीमा खस्यो ।" यो कुरो सुनेर जलदेवता पोखरीभित्र पसे एकछिन पछि उनले सुनको बन्चरो देखाएर त्यो दाउरेलाई सोधे– "यो बन्चरो तिम्रो हो ? "दाउरेले मुसुक्क हाँसेर भन्यो– "हो, मेरो बन्चरो यही,, हो ।

जलदेवताले लोभी दाउरेको फटचाइँ बुझिहाले । उनले दाउरेलाई एकदमसित ह्प्काएर पोखरीभित्र पसी अलप भए । उनी कहिल्यै फर्कनन् । उसले अरूको सामानको लोभ गर्दा सुनको बन्चरो त पाएन, आफ्नो फलामको बन्चरो समेत गुमायो ।

**शब्द र अर्थ**

एक्कासि = थाहा नै नपाईकन
जलदेवता = पानीमा वस्ने देवता
सम्पूर्ण = भएभरको

## नमूना अभ्यास

**१. तल दिइएका प्रश्नहरूको उत्तर देऊ**

(क) पहिलो दाउरेको एउटै मात्र सम्पत्ति के थियो ?
(ख) वन्चरो पोखरीमा खसेपछि ऊ के गर्न थाल्यो ?
(ग) जलदेवताले उसलाई कस्तो कस्तो वन्चरो देखाए ?
(घ) ऊ किन धेरै खुशी भयो ?
(ङ) लोभी दाउरेले के गर्ने विचार गऱ्यो
(च) उसले जलदेवतालाई छक्काउन लाग्दा के फल पायो ?
(छ) यो कथावाट के शिक्षा पायौ ?

**२. तलका वाक्यमा खाली ठाउँ भर**

(क) यही वन्चरोको सहायताले ऊ .........थियो ।
(ख) जलदेवता खुशी भई दाउरेलाई ........ओटै बन्चरो दिए ।
(ग) जलदेवताले लोभी दाउरेको .......बुझिहाले ।
(घ) लोभी दाउरेले आफ्नो ......वन्चरो समेत गुमायो ।

**३. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर**

दाउरे, पोखरी, लोभ, सम्पूर्ण, गुमायो

४. यस पाठको शुरूका दुई वाक्यमा कतिओटा शब्द छन् ? गनेर भन ।

# आदिकवि भानुभक्त आचार्य



यो तस्वीर भानुभक्त आचार्यको हो । यिनी नेपाली भाषाका आदिकवि हुन् । यिनको जन्म विक्रम सम्वत् १८७१ साल असार २९ गते तनहुँ जिल्लाको रम्घा गाउँमा भएको थियो । यिनी धनञ्जय आचार्यका छोरा र श्रीकृष्ण आचार्यका नाति थिए ।

भानुभक्तले आफ्ना बाजि श्रीकृष्ण आचार्यसँग घरमा नै केही पढ्ने मौका पाए । यिनी सानैदेखि कविता लेख्ने काममा लागिरहन्थे । भनिन्छ, उनले घाँसीबाट अर्ति पाए । घाँस काटिरहेको घाँसीसँग भानुभक्तले सोधे– "तिमी यो घाँस लगेर के गर्छौ ?" घाँसीले जवाफ दियो–"यो घाँस बेची यसबाट पाएको पैसाले म गाउँमा एउटा कूवा खनाउँनेछु । म मरेर गए पनि मैले गरेको परोपकारलाई त अरूहरूले पछिसम्म संझेलान् नि ।" घाँसीको कुरा भानुभक्तलाई ज्यादै चित्त बुझ्यो । घाँसीले जस्तै उनले पनि अरूको भलाइ हुने केही काम गरेर आफ्नो नाम अमर राख्ने सङ्कल्प गरे ।

पिताको मृत्युपछि उनलाई लागेको सरकारी बाँकी तिराउनको लागि भानुभक्तलाई थुनामा राखियो। थुनामा बस्दा उनले अध्यात्म रामायणको बालकाण्ड उल्था गरे। थुनाबाट निस्केपछि उनले रामायणको ठूलो किताब पूरै नेपालीमा लेखी तयार पारे।

"एक दिन् नारद सत्यलोक् पुगिगया लोक्को गरूँ हित् भनी.." अस्ता रामायणका श्लोकहरू सबै जनाले रमाइलो मानी मानी भाका मिलाएर गाउन थाले। त्यतिबेला संस्कृत पढ्नेले मात्र रामकथा जान्दथे। उनले नेपालीमा रामायण लेखेपछि घर घरमा रामायणको पवित्र कथा फैलियो। यसले गर्दा उनको नाम चारैतिर सुनिन थाल्यो। उनले रामायण लेख्नुभन्दा अगाडि नेपाली भाषामा कुनै पनि प्रख्यात ग्रन्थ लेखिएको थिएन। उनलाई नेपाली भाषाका आदिकवि भनिन्छ। रामायण बाहेक उनले बधूशिक्षा, भक्तमाला, प्रश्नोत्तरी आदि किताबहरू पनि लेखेका छन्। उनले रामगीताको अनुवाद गरे। उनका रचनाहरूमा ज्ञानका कुराहरू बढी पाइन्छन्। हाम्रो साहित्यलाई उनले धेरै धनी बनाए। हामीलाई उनले धेरै ऋण लगाएका छन्। सम्बत् १९२५ सालमा उनको मृत्यु भयो। उनी मरेर गए पनि उनको नाम अमर छ। उनैको सम्झना स्वरूप प्रत्येक वर्ष असार २९ गते हामी भानु जयन्ती मनाउँछौं।

शब्द र अर्थ

| | | |
|---|---|---|
| परोपकार | = | अरूको उपकार, अरूको भलाई |
| सरकारी बाँकी | = | तिर्न बाँकी भएको सरकारी पैसा |
| ग्रन्थ | = | पुस्तक, किताव |
| जयन्ती | = | कुनै व्यक्ति जन्मेको दिन मनाइने उत्सव |
| सङ्कल्प | = | प्रतिज्ञा |

## नमूना अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर देऊ**

(क) भानुभक्तको जन्म कहिले भएको थियो ?
(ख) उनले कसबाट अर्ती पाए ?
(ग) उनले के गर्ने प्रतिज्ञा गरे ?
(घ) उनलाई किन आदिकवि भनिन्छ ?
(ङ) उनले लेखेका पुस्तकहरूको नाम भन ।


**२. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर**

अमर, सङ्कल्प, रचना, आदिकवि, जयन्ती, साहित्य

३. कुनै व्यक्ति, वस्तु र ठाउँ बताउने शब्दलाई नाम भन्दछन् । जस्तै:–राम, पुस्तक, भक्तपुर आदि ।

यस पाठको पहिलो दफामा यस्ता नामहरू कति छन् खोजेर लेख ।

# लुम्बिनी



संसारमा सबै ठाउँको उत्तिकै नाम चलेको हुँदैन । तर सानै ठाउँ भए पनि त्यस ठाउँमा जन्मेको मानिसको ठूलो कामले गर्दा त्यो ठाउँ पनि प्रसिद्ध हुन जान्छ । लुम्बिनीलाई यसैको उदाहरण मान्न सकिन्छ । नेपालको पश्चिम तराईमा लुम्बिनी भन्ने एउटा ठाउँ छ। आजभन्दा २५ सय वर्ष अगाडि भगवान् बुद्धको जन्म यसै लुम्बिनी भन्ने ठाउँमा भएको थियो । बुद्धको जन्म भएको कारणबाट आज लुम्बिनी संसारमा प्रसिद्ध छ ।

भगवान् बुद्धको जन्म वैशाख शुक्ल पूर्णिमाको दिन भएको थियो । उनको बालक कालको नाम सिद्धार्थ गौतम थियो । सिद्धार्थ राजा शुद्धोदनका छोरा थिए । उनकी आमाको नाम मायादेवी थियो । कपिलवस्तुको तिलोराकोटमा राजा शुद्धोदनको राजभवन थियो । सिद्धार्थको पालन पोषण त्यहीं नै भएको हो । पछि यशोधरासँग सिद्धार्थको विवाह भयो ।

उनबाट एक राहुल भन्ने छोरा जन्मे । राजाका छोरा भएका हुनाले सिद्धार्थलाई राजमहलमा कुनै कुराको कमी थिएन । तैपनि उनी सधैं एकान्तमा बसी विचार गरिरहन्थे । एक दिन बाहिर घुम्न जाँदा उनले एउटा रोगीलाई देखे । अर्को दिन बूढो मानिसलाई देखे । त्यसपछि उनले मरेको मानिस देखे । यी सबै देखेर उनलाई अचम्म लाग्यो, सबैजना रोगी हुँदा रहेछन्, बूढो हुँदा रहेछन् र सबैले मर्नु पर्दो रहेछ भन्ने उनले थाहा पाए । यसबाट सबै मानिस दुःखी र चिन्तित हुने हुँदा मानिसको चिन्ता कसरी हटाउने भन्ने कुराले उनलाई चिन्तित बनायो । उनी एकान्तमा बसेर यसको उत्तर सोच्न थाले । आखिर दरबार र आफ्ना परिवार त्यागेर उनी शान्तिको खोजमा हिंडे । गया भन्ने ठाउँको पिपलको बोटमुनि ध्यान गरिरहेको वेला अकस्मात् उनलाई ज्ञान प्राप्त भयो । त्यसै वेलादेखि उनलाई बुद्ध भनिन थालियो । यिनले प्रचार गरेका उपदेशहरू "बुद्ध धर्म" को नामबाट संसारभर फैलिन थाल्यो ।

संसारमा कहिलेकाहीं मात्र यस्ता महापुरुषहरूको जन्म हुन्छ । संसारका धेरै मानिसहरूले उनले सिकाएको बाटो हिंडे । उनको जन्मस्थल लुम्बिनीको महिमा बढ्दै गयो । यो पवित्र तीर्थस्थल बन्यो । लुम्बिनीका ती बालक सिद्धार्थबाट भगवान् बुद्ध बन्न पुगे । उनले कुनै पनि जीवको हिंसा नगर्नू र सबैमाथि दया गर्नु भन्ने उपदेश दिए । हिंसा नगर्नू भनेको मारकाट नगर्नू र अरूलाई दुःख नदिनू भनेको हो । बुद्ध हाम्रो देशका एक विभूति हुन् । नेपाल बाहेक भारत, थाइल्याण्ड, श्रीलङ्का र अरू देशले पनि लुम्बिनीको विकास गर्न रुचि देखाएका छन् । श्री ५ को सरकार र संयुक्त राष्ट्र सङ्घको सहयोगमा लुम्बिनी विकास क्षेत्रको विकास र निर्माण भैरहेछ ।

**शब्द र अर्थ**

| | |
|---|---|
| तराई | = पहाडको फेडीको ठूलो समतल भूमि |
| प्रसिद्ध | = नाम चलेको |
| राजभवन | = राजदरबार |
| पालन पोषण | = हुर्काउनु, बढाउनु |
| पवित्र | = चोखो |
| तीर्थस्थल | = देवता रहेको ठाउँ, पवित्र ठाउँ |

## नमूना अभ्यास

**१. छोटकरीमा लेख**

(क) लुम्बिनी कहाँ पर्छ ?

(ख) गौतम बुद्ध कहाँ जन्मे र कहाँ हुर्के ?

(ग) गौतम बुद्धको खास नाम के हो ?

(घ) गौतम बुद्धका बाबु आमाका नाम के के हुन् ?

(ङ) सिद्धार्थलाई कुन कुराको चिन्ता पर्‍यो ?

(च) बालक सिद्धार्थ कसरी भगवान् बुद्ध बने ?

२. यो पाठको आधारमा लुम्बिनीको बयान गर ।

**३. तल दिइएका वाक्यहरू पढी ठीक बेठीक भन**

(क) सिद्धार्थ कपिलवस्तुमा जन्मेका हुन् ।

(ख) तिलौराकोट पाल्पामा पर्छ ।

(ग) सिद्धार्थ दुःखी मानिसलाई देखेर चिन्तित भए ।

(घ) सिद्धार्थले मानिसको शोक, सन्ताप हटाउने ज्ञान प्राप्त गरे ।

**४. सुन र सुद्धसँग लेख**

लुम्बिनी, प्रसिद्ध, सिद्धार्थ


५. यस पाठको चौँथो दफा सबैले सुन्ने गरी पढ ।

**६. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर**

**प्रसिद्ध, दिन, अचम्म, चिन्ता, हिंडे, उपदेश ।**

# तिहार

—लेखनाथ पौड्याल



सुखमय पारी सब संसार
आयो रसिलो चाड तिहार ।
बन्दछ मानू सबको काम
खुशी छन् राजा रैती तमाम ॥

१

अन्न छ सबका घरघर पूर्ण
छैन कसैको पेट अपूर्ण ।
काग र डुलुवा कुत्ता सम्म
भात नहेर्नें यो छ अचम्म ॥

२

घर घर सबका भाँती भाँती
झकमक बल्छन् दीपक–ताँती ।
झिलिमिलि झिलिमिलि वारी पारी
यो छ मजाको रमिता भारी ॥

३

जय जय लक्ष्मी ! आऊ आऊ
स्थिर गर हाम्रा घरमा पाऊ ।
भन्दै गर्छन् पूजा भारी
दुनियाँ सबतिर झकमक पारी ॥

४

वरपर सबका दाज्यू भाइ
बट्लिन थाले टीकालाई ।
हिँड सब जाऊँ बहिनीबाट
पहिरी टीका पारौं ठाँट ॥

५

सब सिद्धचाई टीका–टाला
पहिरी गलामा लामा माला ।
चीजबीज खाऔं, चाड मनाऔं
बेर नलाऔं जाऔं जाऔं ॥

६

**शब्द र अर्थ**

रंती = दुनियाँ
भाँतो भाँती = थरी थरो
दीपक = वत्ती
स्थिर = अटल, एकनास रहनु

## नमूना अभ्यास

१. तल दिइएका प्रश्नहरूको उत्तर लेख

(क) किन तिहारमा राजादेखि लिएर रैतीसम्म खुशी हुन्छन् ?
(ख) दुनियाँहरू के भनेर लक्ष्मी पूजा गर्दछन् ?
(ग) दाज्यूभाइहरू के गरेर यो चाड मनाउँछन् ?
(घ) तिहारमा दाज्यूभाइहरूले के के भन्छन् ?
(ङ) तिहारमा सबैका घरमा कस्ता किसिमका वत्ती वालिन्छन् ?

२. यस कविताको आधारमा कम्तिमा १० हरफमा आफ्नै शब्दमा तिहारको वयान गरी लेख ।

३. कविता पूरा गर

(क) सुखमय पारी . . . . . .
आयो रसिलो चाड . . . . . . .
वन्दछ मानू . . . . . . . . काम
खुशी छन् . . . . . . .

(ख) . . . . . . सवका भाँती भाँती
. . . . . . वल्दछन् दीपक ताँती
झिलिमिलि . . . . . . वारी पारी
यो छ . . . . . . . रमिता भारी

४. लय हालेर कविता पाठ गर ।

५. नामको सट्टामा आउने शब्दलाई सर्वनाम भन्दछन् । जस्तैः– म, तँ, ऊ, उनो, हाम्रो, त्यो, कोही, कुनै, त्यही इत्यादि ।
यस पाठको अन्तिम दुई वाक्यमा कतिओटा सर्वनाम छन्, लेख ।

# झगडाको ओखती

–मुकुन्दशरण "विन्दु"

एका देशमा लोग्ने र स्वास्नी दुई जना थिए । ती दुईमा सधैं झगडा परिरहन्थ्यो । पहिले लोग्ने बिनसित्ति निहुँ खोजेर स्वास्नीलाई मनपरी भन्थ्यो, अनि स्वास्नी पनि लोग्नेलाई मुखमा आएसम्म गाली गर्थी। दुवैमा एकछिन भनाभन चलेपछि लोग्नेले स्वास्नीलाई बेसरी कुट्थ्यो । स्वास्नी अलि कमजोर थिई । त्यसकारण गाली फर्काए पनि चोट फर्काउन सक्तिनथी ।

यसरी रातदिनको झगडाले त्यो स्वास्नी चाहिं साह्रै आत्तिई । उसलाई उडुं कि बुडुं भयो । यही पीरले एक रात त्यो मर्न भनेर घरबाट भागेर हिंडी । बाटामा गएपछि उसलाई मर्नुभन्दा बहुलाउनु निको भन्ने सम्झना भयो । एउटी साथीसँग मनको पीर पोख्नु परचो भनेर छिमेकी कहाँ गई । अनि सम्पूर्ण बेलीबिस्तार लगाई ।

त्यो छिमेकी आइमाई बढी बुद्धिमती थिई । उसले यसको कुरा सुनेर हाँसेर भनी– "झगडा गर्ने बानी त एउटा रोग हो । तिमीले यसको ओखती गरेकी छैनौ र ?"

त्यो आइमाईले झगडाको पनि ओखती हुन्छ भन्ने थाहै पाएकी थिइन । उसलाई छिमेंकीको कुरा सुनेर आश्चर्य लाग्यो र भनी–" अहँ, मलाई त झगडाको ओखती हुन्छ भन्ने थाहै थिएन ।"

"त्यसो भए नआत्तिऊ । मसँग झगडाको ओखती छ," भनेर छिमेकी भित्र पसी र एउटा ठूलो शीशीमा झोल ओखती लिएर बाहिर निस्की ।

"लौ, यो ओखती लैजाऊ । यो साह्रै महँगो पर्छ । मैले आफैंलाई चाहिएर ल्याएकी थिएँ । एक मात्राले काम पुग्यो, बाँकी सिङ्गै राखेकी थिएँ, आज काम लाग्यो" भन्दै त्यो ओखती भरिएको शीशी दिई ।

"यो ओखती कतिखेर खाने नि, दिदी ?" भनेर छिमेकीसित उसले सोधी । छिमेकीले पनि राम्ररी सम्झाएर भनी ।

"बहिनी, जुन वेला अब घरमा ठूलो झगडा पर्न आँट्यो भन्ने लाग्छ, ठीक त्यही वेला तीन चम्चा जति यो ओखती सुरुप्प पार्नु र आधा घण्टासम्म मुखमा लिई राख्नु । त्यति वेलासम्म यसलाई निल्न, थुक्न, केही गर्न हुँदैन । आधा घण्टापछि भने जसो गरे पनि हुन्छ ।"

छिमेकीले बताएको उपाए सुनेर खुशी हुँदै ऊ फर्की । भोलिपल्ट बेलुका त्यस घरमा पहिलेको जस्तै लोग्ने स्वास्नीमा झगडा शुरू भयो । लोग्ने विनाकारण स्वास्नीसँग निहुँ खोजेर उफ्रन थाल्यो । व्यर्थै आफूसित लोग्नेले निहुँ खोजेको देख्दा स्वास्नीलाई असाध्यै रीस उठ्यो । जे सुकै परोस् भनी लोग्नेलाई बेसरी कुराले झपार्न ऊ पनि कस्सिई । त्यसै वेला एक्कासि उसलाई त्यो ओखतीको सम्झना आयो र तुरुन्त भित्र पसी । तीन चम्चा जति ओखती सुरुप्प पारी । लोग्ने झन् उफ्रँदै भित्र पुग्यो । मुखमा ओखती भएकोले स्वास्नी चाहिंलाई बोल्न मिलेन । मनमा उठेको रीस आधा घण्टापछि पोखुँला भनेर चुपचाप ओखती मुखमा लिएर बसिरही । लोग्नेले यस कुराको पत्तै पाएन ।

सधैं ठाडाठाडा जवाफ दिने मुखाले स्वास्नीले आज त्यत्तिको गाली गर्दा पनि पटक्क मुख नफर्काउँदा लोग्ने छक्क पर्‍यो । उसलाई स्वास्नीले आफ्नो मुखाले बानी छाडिछ भन्ने ठानेर साह्रै खुशी लाग्यो । यति खेरसम्म पिटापिट चल्ने त्यस घरमा आजको झगडा त्यत्तिकै साम्य भयो ।

लोग्ने दुईचार गालीमात्र गरेर चूप लागेको देखेर स्वास्नीलाई पनि आश्चर्य लाग्यो । अब त आधा घण्टा भयो होला भन्ठानेर केही बेरपछि उसले ओखती थुकिदिई ।

लोग्नेले फकाउँदै सोध्यो–"होइन, तिमी किन नबोलेकी ? रिसायौ कि के भो ?" स्वास्नीलाई लोग्नेको मीठो बचनले झन् आनन्द लाग्यो र हाँस्दै भनी–"किन रिसाउँथें, हजूर बाहेक मेरो को छ र ?" अनि दुबै आ–आफ्ना काममा लागे । यसैगरी लोग्नेले झगडा शुरू गर्नासाथ स्वास्नी त्यही ओखती मुखमा हाल्थी.। यसो गर्दागर्दै झगडा हुन बन्द भयो ।

एक शीशी ओखती नसकिँदै झगडा साम्य भएकोले स्वास्नीलाई हुनसम्मको आनन्द लाग्यो ।

एक दिन ऊ खुशी हुँदै फेरि छिमेकी कहाँ पुगी । छिमेकीले ऊसँग सोधी–"आजकल घरको हालचाल कस्तो छ त ? झगडा अब त साम्य भयो होला । लोग्नेको रीस अझै उस्तै छ कि ?"

छिमेकीको मायालु सोधाई सुनेर उसले खुशी हुँदै भनी– "ओहो दिदी ! त्यो ओखती त बडो असल रहेछ । त्यो खान थालेपछि उहाँको रीस साँच्चै साम्य भयो । अब त उहाँले मलाई कहिल्यै पिट्नु हुन्न । उल्टो माया पो गर्नु हुन्छ ।

उसको कुरा सुनेर छिमेकीले हाँस्दै भनी–"बहिनी ! तिमी साँच्चै सोझी रहिछयौ । झगडा साम्य भएको त ओखतीले होइन । शीशीको त पानी पो हो । ओखती कहाँ हो र ! त्यो त खाली पानी मात्रै हो, पँधेराको पानी । झगडाको मुख्य ओखती त चूप लाग्नु हो, अर्थात् नबोल्नु हो । मुखमा पानी भएर तिमीले बोल्न पाइनौ र झगडा पनि भएन । नत्र किन शान्ति हुन्थ्यो र !"

छिमेकीका कुरा सुनी त्यो स्वास्नी मान्छे लाजले भुतुक्क भएर घर फर्की ।

**शब्द र अर्थ**

| | | |
|---|---|---|
| बिनसित्ति | = | विनाकारण |
| चोट | = | हिर्काई |
| निको | = | राम्रो |
| झपार्न | = | गाली गर्न |

## नमूना अभ्यास

**१. तलका प्रश्न पढी जवाफ देऊ**

(क) लोग्ने र स्वास्नीको झगडा किन भइरहन्थ्यो ?

(ख) स्वास्नी चाहिँ छिमेकीको घर किन गई ?

(ग) छिमेकीले ओखती खाने तरीका के बताई ?

(घ) लोग्ने चाहिँ स्वास्नीसँग किन खुशी हुन थाल्यो ?

(ङ) झगडाको ओखती फेरि माग्न जाँदा छिमेकीले स्वास्नी चाहिँलाई के भनी ?

(च) यस कथाले हामीलाई के शिक्षा दिन खोजेको हो ?

**२. तलका शब्द वाक्यमा प्रयोग गर**

सुरुप्प । अत्ताश्चर्य । छक्क । भुतुक्क ।

**३. तलका वाक्यहरूमा खाली ठाउँ भर**

(क) अहो दिदी त्यो ओखती त बडो... ... ... ...रहेछ ।

(ख) त्यो खान थालेपछि उहाँको रीस... ... ...भयो ।

(ग) छिमेकीले हाँस्तै भनी बहिनी तिमी... ... ... ।

(घ) त्यो त खाली... ... ... ...मात्रै हो,... ... ...को... ... ... ।

(ङ) झगडाको मुख्य... ... ...हो ।

४. नाम अथवा सर्वनामले गरेको काम बुझाउनेलाई क्रिया भन्दछन्, जस्तै:– पढ्नु, हाँस्नु इत्यादि ।

क्रिया बुझाउने पाँच शब्दहरू लेख ।

# पशुपतिनाथ



हाम्रो देशमा पशुपतिनाथको ठूलो महिमा छ। पशुपतिनाथ भगवान् शिवजीको नाम हो। उनी हिन्दूहरूका देवता हुन्। हिन्दूहरू उनलाई महादेव भनेर पूजा गर्छन्। पशुपतिनाथको मन्दिर वाग्मतीको पश्चिमपट्टि दायाँ किनारामा छ। यो ठाउँ काठमाडौं शहरदेखि पूर्वमा पर्छ। पशुपतिको पूर्वपट्टि गुह्येश्वरी भगवतीको मन्दिर छ। बीचमा वाग्मती बगेकी छन्। भक्तहरू यहाँ नुहाएर पशुपतिनाथको दर्शन गर्छन्। पशुपतिनाथको मन्दिर ठूलो छ। मन्दिरको वरिपरि फराकिलो चोक छ। चोकमा चारैतिर नानाथरी देवताहरूका मूर्ति राखिएका छन्। बीचमा पशुपतिनाथको मन्दिर छ। मन्दिरको पश्चिमतिरको ढोकापट्टि एउटा पित्तलको ठूलो

बसाहा छ । यो पशुपतिनाथको बाहन हो । यसलाई नन्दी भन्दछन् ।

मन्दिरको चारैतिर चारओटा चाँदीका ठूलाठूला ढोका छन् । ती ढोकाहरूमा पात, लहरा र कलशका बुट्टा कुँदिएका छन् । मन्दिरको माथिल्लो भागमा रहेका रङगीन आँखीझ्यालहरू पनि खूब राम्रा देखिन्छन् । त्यहाँ भएका काठका टुँडालहरूमा लहरै देवी देवताका मूर्तिहरू कुँदिएका छन् । सुनौला गजूर र सुनौला छानाले मन्दिरलाई झकिझकाउ पारेको छ ।

मन्दिरमा रहेको शिवलिङग नै पशुपतिनाथ हुन् । यिनलाई देख्नासाथ हाम्रो शिर श्रद्धाले निहुरिन्छ । यहाँ हरेक दिन जलधारा र पूजा हुन्छ । आरती, उत्सव साह्रै रमाइलो हुन्छ । साँझमा आरती गर्दा बजेका शङख, घण्टा र डमरुका आवाजले त्यहाँ बडो रमाइलो हुन्छ । आनन्दले मन प्रफुल्ल हुन्छ ।

संसारभरका हिन्दूहरूले पशुपतिनाथलाई ठूलो आदर गर्छन् । ठूलठूला महात्माहरू पशुपतिनाथको दर्शन गर्न पाउनुलाई आफ्नो सौभाग्य ठान्छन् । पहिलेदेखि नै उनीमा हाम्रो राजपरिवारको पनि ठूलो आस्था रहिआएको छ । श्री ५ महाराजाधिराज सरकारबाट मौसूफको भाषणहरूको अन्त्यमा श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् भन्ने हुकूम हुन्छ ।

पशुपतिनाथमा दर्शन गर्न आउने यात्रीहरू कहिल्यै खाली हुँदैनन् । एकादशी, पूर्णिमा, तीज, बाला चतुर्दशी र शिवरात्री यहाँका पर्वहरू हुन् । तिनीहरू मध्ये शिवरात्री सबभन्दा ठूलो पर्व हो । त्यस दिन यहाँ ठूलो मेला लाग्छ । तीर्थयात्रीको छिचोली नसक्नु घुइँचो हुन्छ । यो मेला भर्न नेपाल, भारत र अन्य मुलुकका समेत साधु सन्त र अरू श्रद्धालु भक्तहरू ओइरिन्छन् । त्यस वेला पशुपतिमा तिलको गेडासम्म राख्ने ठाउँ हुन्न ।

## शब्द र अर्थ

| | |
|---|---|
| महिमा | = महत्त्व, ठूलोपन |
| बसाहा | = साँढे |
| गजूर | = मन्दिरको धुरीको सबभन्दा माथि रहने कलश आकारको भाग |
| आँखीझ्याल | = साना साना प्वालैप्वाल भएको सानो किसिमको झ्याल |
| टुँडाल | = छानालाई अडाउन बाहिरबाट दिएको आड |
| श्रद्धा | = भक्ति र आदर मिसिएको भाव |
| उत्सव | = समारोह, खुशियाली |
| कुँदिएको (कुद्नु) | = ढुङ्गा र काठ ताछ्नु अथवा ढुङ्गा र काठमा बुट्टा खोप्नु |
| आदर | = मान, कदर |
| प्रफुल्ल | = खुशी |
| महात्मा | = साधु, सन्त |
| सौभाग्य | = राम्रो भाग्य |
| आस्था | = विश्वास |
| पर्व | = चाड |
| कल्याण | = भलो, हित |
| तिलको गेडासम्म राख्ने ठाउँ नहुनु | = एकदमै भीड हुनु |

## नमूना अभ्यास

१. तल दिइएका प्रश्नको उत्तर लेख

(क) पशुपतिनाथ कसको नाम हो ?

(ख) पशुपतिनाथको मन्दिर कस्तो छ, बयान गर ।

(ग) पशुपतिनाथमा चाँदीका कतिओटा ढोका छन् ?

(घ) ती ढोकाहरूमा के के का चित्र कुँदिएका छन् ?

(ङ) पशुपतिनाथमा मेला लाग्ने पर्व कुन कुन हुन् ?

(च) पशुपतिनाथसँग हामी कस्तो वर माग्छौं ?

**२. खाली ठाउँमा सुहाउँदो शब्द राख**

(क) पशुपतिनाथको मन्दिर.........किनारमा छ ।

(ख) पशुपतिनाथको वाहनलाई........भन्दछन् ।

(ग) पशुपतिनाथलाई देख्दा हाम्रो शिर.....निहुरिन्छ ।

(घ) पशुपतिनाथलाई दर्शन गर्दा हाम्रो मन कपास जस्तै ...... हुन्छ ।

(ङ) .....यहाँको सबभन्दा ठूलो पर्व हो ।

**३. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर**

देश, चोक, मन्दिर, आरति ।

४. बितेको समयको बोध गराउने शब्दलाई भूतकाल भन्दछन्; जस्तैः– पढें, खायो इत्यादि ।

**५. तलका वाक्यमा भूतकाल जनाउने शब्दहरूको मुनि धर्को तान**

(क) रामले भात खाएन ।

(ख) हरिले आफ्नो सबै लुगा धोयो

(ग) मैले गृहकार्य गरिसकें ।

# हरियो वन नेपालको धन



शनिबारको दिन थियो । विद्यालय जानु पर्ने थिएन। त्यसैले बद्री र बामु भात खाएर वनतिर घुम्न गए। वनमा पुगेर खुला ठाउँमा बसेर कुरा गर्न थाले।

बद्री– अहो ! कति रमाइलो जङ्गल हगि ? गर्मीको वेला यसरी जङ्गलको छहारीमा बसेर गफ गर्नु निकै आनन्द हुन्छ, होइन त ?

बामु– हुन त हो तर वनको महत्व यति मात्र होइन। हाम्रो देशको मुख्य सम्पत्ति भन्नु नै जङ्गल हो। त्यसैले "हरियो वन नेपालको धन" भनेको।

बद्री– वन जङ्गललाई किन धन भनेको त भाइ ?

बामु– हाम्रो देशमा ठुल्ठूला वन जङ्गल धेरै छन्। यिनैका काठहरू देश-भित्र र बाहिर बिक्री गरेर र जङ्गलका बूटीहरू विदेशमा पठाएर आम्दानी गरिन्छ। त्यसैले वन हामीहरूको लागि ठूलो सम्पत्ति हो।

बद्री– ए, त्यसो भए यी वनका काठहरू काटेर हामी पनि घर बनाउन सक्छौं ? दाउरा बेचेर पैसा कमाउन सक्छौं होइन त ? त्यसो भए अस्ति खत्री सानेलाई रूख काट्यो भनेर किन वन पालेले समात्यो त ?

दामु– हेर भाइ, हाम्रो भन्नुको मतलब देशको सम्पत्ति भनेको, तिमी अथवा मलाई जरूरत पर्‍यो भन्दैमा जथाभावी रूख काटेर लिन बेच्न कहाँ पाइन्छ र ? यसरी सबैले जथाभावी रूख काटेर वन मास्न लागे त केही वर्षमै जङ्गल उजाड भैहाल्छ नि ।

बद्री– कसरी उजाड हुन्छ र ? एक दुइटा रूख काट्दैमा यत्रो जङ्गल मासिन्छ र ?

दामु– तिमीले, मैले र सबैले एउटा दुइटा काट्न थालेपछि त वन मासिन कति बेर लाग्छ र ? त्यसैले सरकारले वन जङ्गलको रेखदेख गर्छ । पुराना रूखहरू कटाएर बिक्री गर्छ । काटेका ठाउँमा तुरुन्त नयाँ बिरुवा लाइहाल्छ । त्यसो भए पो वन सधैं एकैनास रहन्छ ।

बद्री– ए, त्यसो भए सरकारले पनि रूख काट्नासाथ अरू बिरुवा लगाउँछ ?

दामु– लगाउनै पर्छ । फलानो ठाउँमा वृक्षारोपण भयो भनेर रेडियोबाट बराबर भनेको हामीले सुनेकै छौं । अस्ति पनि त कहाँ हो राजा रानीले रूख रोपिबक्स्यो भनेर रेडियोले भनेको थियो । फेरि हाम्रो विद्यालयमा पनि त अस्ति सबैले मिलेर रूख रोप्यौं नि ।

बद्री– वन जङ्गल मासियो भने के हुन्छ ?

दामु– वन जङ्गल भएन भने त फेरि देशै उजाड हुन्छ ।

बद्री– कसरी ?

दामु– वन जङ्गल भएन भने पानी कसरी पर्छ ?

बद्री– पानी नपरे त खोलानाला पनि सुक्छन् । त्यो त हो ।

दामु– हो, अब त बुझ्यौ होला । हाम्रा लागि नभै नहुने अर्को मुख्य कुरा पानी हो । अनि पानी पर्नका लागि पनि वन जङ्गलै चाहिन्छ । वन जङ्गल मासिएपछि वर्षा कम हुन्छ । अनि केही समयमा नै देश सुख्खा बन्छ ।

बद्री– बुझें मैले । हरियो वन हाम्रो धन रहेछ । यसको बचौट हामीले नै गर्नु पर्ने रहेछ ।

दामु– त्यति मात्र होइन । बराबर बाढी पैरो जाने ठाउँमा रूख बिरूवा लगाउनुपर्छ । त्यसो गर्दा पैरो जान रोकिन्छ ।

बद्री– दामु ! हाम्रो देशमा पुराना जङ्गल मासेका ठाउँमा नयाँ बिरुवा लगाइएका छन् त ?

दामु– आवश्यक परे जति त लगाउन सकिएको छैन । तर ठाउँ ठाउँमा नयाँ वन लगाउने काम भइरहेकै छन् । हामीले वनलाई डढेलोबाट पनि जोगाउनुपर्छ ।

बद्री– बुझें भाइ । म पनि अबदेखि वन जङ्गल बढाउन पट्टि सकेसम्म होशियार हुन्छु । बेलुकी घाम ढल्किसकेकोले अब घर जानुपर्छ भनेर दुवैजना उठेर हिंडे ।

**शब्द र अर्थ**

गफ गर्नु = कुराकानी गर्नु
सम्पत्ति = धन, पैसा
बिक्री गर्नु = बेच्नु
वन पाले = वनको रखावारी गर्ने मान्छे ।
उजाड = नाङ्गो

पैरो जानु = डाँडा, पाखा–पखेरा भत्किनु

डढेलो लाग्नु = आगो लाग्नु

## नमूना अभ्यास

१. तलका प्रश्न पढ र उत्तर लेख

(क) हाम्रो देशको मुख्य सम्पत्ति के हो ?

(ख) वन जङ्गलबाट हामीलाई कसरी आम्दानी हुन्छ ?

(ग) जथाभावी रूख काट्नाले के बेफाइदा हुन्छ ?

(घ) बराबर पैरो जाने ठाउँमा के गर्नु पर्छ ?

(ङ) पानी पर्नाको लागि के चाहिन्छ ?

(च) वन जङ्गल जोगाउन के गर्नु पर्छ ?

२. तलका शब्द वाक्यमा प्रयोग गर

रेखदेख । जङ्गल । वर्षा । सके सम्म । बराबर

३. भैरहेको समयको वोध गराउने शब्दलाई वर्तमान काल भन्दछन् । जस्तै:– पढ्छु, खान्छौं इत्यादि ।

४. तलका वाक्यहरूमा वर्तमान काल जनाउने शब्दहरूको मुनि धर्को तान

(क) म भात खाँदैछु ।

(ख) आज विद्यालय बन्द छ ।

(ग) हाम्रो देशको मुख्य सम्पत्ति धन हो ।

# पिताज्यूलाई चिठी

पाल्पा, तानसेन
०३६।५।१२


श्री पूज्य पिताज्यू,
साष्टाङ्ग दण्डवत् ।

हजूरको आशीर्वादले यहाँ सबै सञ्चै छौं । चिठी पाउँदा ज्यादै खुशी लाग्यो । दाइले पनि दाङबाट एउटा चिठी पठाउनु भएको थियो । यसपालाको दशैंमा त जसरी भए पनि दाइ घर आउनु हुने रे । दशैं तिहारमा सबैजना सँगै भएनन् भने ज्यादै नरमाइलो हुन्छ ।

मैले दोस्रो त्रैमासिक परीक्षामा धेरै नम्बर पाएको छु । यस पटक पनि खूबै मिहिनेत गरेर पढ्दैछु । दशैंमा बुबा घर आउँदा मलाई राम्रो कलम र जुत्ता ल्याइदिनु होला । घर आउन ढीला हुने भए चिठी पाउँ । अहिले यति नै ।

आज्ञाकारी छोरा
कमल

खामको नमूना



## शब्द र अर्थ

पूज्य = पूजा गर्न लायक

दण्डवत् = ढोग

त्रैमासिक = तीन तीन महीनामा हुने

आज्ञाकारी = भनेको मान्ने

# नमूना अभ्यास

**१. तल सोधिएका प्रश्नको उत्तर एकै शब्दमा लेख**

(क) दशैं तिहारमा सबै जना सँगै भएनन् भने के हुन्छ ?

(ख) कमलले बुवालाई घर आउँदा के ल्याइदिनू भनेर चिठी लेख्यो ?

(ग) कमलले दोस्रो त्रैमासिकमा कति नम्बर पायो ?

(घ) यस पटक पनि ऊ कस्तो किसिमले पढ्दै छ ?

२. दशैंमा घर आउँदा राम्रा राम्रा लुगा ल्याइदिनु होला भनेर दाज्यूलाई चिठी लेख ।

३. आफ्नो पढाइको बारेमा बयान गरी साथीलाई चिठी लेख ।

**४. तल दिएका शब्दलाई वाक्यमा प्रयोग गर**

नरमाइलो, परीक्षा, राम्रो, ढीला

५. आउने समयको बोध गराउने शब्दलाई भविष्यत् काल भन्दछन्

जस्तै:– पढ्नेछु, खानेछौं इत्यादि

**६. तलका वाक्यहरूमा भविष्यत् काल जनाउने शब्दहरूको मुनि धर्को तान**

(क) भोलि आमाले चाँडै भात पकाउनु हुनेछ ।

(ख) जाँचमा म पहिला हुनेछु ।

(ग) सीता पढ्न नजाली ।

# महारानी राज्यवती



राज्यवती मानदेवकी आमा थिइन्। उनी ज्यादै बुद्धिमती र ईश्वरभक्त थिइन्। रातदिन पाठपूजामा लागी रहन्थिन्। गरीबगुरुवाको सेवा गर्नुमा उनी आनन्द पाउँथिन्। आफ्ना प्रजाहरूको दुःख सुखमा उनी सधैं बिचार पुर्याउँथिन्।

राजा धर्मदेव स्वर्ग हुँदा रानी आफ्नो पूजा कोठामा पूजा गर्दै थिइन्। अचानक राजा स्वर्ग भएको सुनेर रानी मूर्छा परिन्। पछि मूर्छा खुलेपछि उनले ठूलो शोक गरिन्। आफू पनि पतिसँगै सती जाने अठोट गरेर छोरा मानदेवलाई उपदेश दिँदै उनले भनिन्, बाबु तिमी बुद्धिमान छौ। प्रजाको भलो कसरी हुन्छ, राजाबाट राज्य कसरी चलाउनु पर्छ भन्ने कुरा तिमीले राम्ररी बुझेका छौ। बुबाको स्वर्गबास भइहाल्यो। अब मैले बाँचेर केही फाइदा छैन। म सती जान्छु। तिमीले प्रजाको भलो गर्न र देशको शिर ठाडो पार्न कहिल्यै पछि नपर्नू। मेरो तिमीलाई यही आशीर्वाद छ।

त्यति वेला राजकुमार सानै थिए। पिताले छोडेर गए। अब माताले पनि छोड्ने विचार गरेको देखेर उनि ज्यादै दुःखी भए। उनले आफूलाई एक्लो र असहाय ठान्न थाले। आमालाई सती जान नदिने विचारले उनले बिन्ती गरे, मुमा ! बुबा त मलाई टुहुरो पारेर स्वर्ग होइबक्स्यो। हजूरले पनि मलाई एक्लो छोडे, म बालकले कसरी यत्रो राजपाट सह्यालूंला ? हजूरलाई थाहै छ, पूर्वतिरका रजौटाहरू वेलावेलामा दुःख दिन्छन्। मलाई

एक्लो पाए भने यिनीहरूले ज्यादै सताउनेछन्। त्यसैले मलाई छोड्ने विचार नलिबक्स्योस् ।

प्रजाले पनि मानदेवकै स्वरमा स्वर मिलाएर हो महारानी, रानी भने पनि आमा भने पनि हजूर नै होइबक्सिन्छ । हजूर सती गइबक्स्यो भने राजकुमार मात्र होइन, हामी सबै दुनियाँ टुहुरा हुन्छौं । हाम्रो हेर-विचार र रक्षा कसले गर्ला ? त्यसैले सती जान्छु भनी मर्जी नहोस् ।

बालक छोरा र प्रजाले एकै मुख गरेर प्रार्थना गरेकाले रानीको मन पग्ल्यो । आफूले पनि छोडिदिएपछि बालक छोरा र प्रजाहरु साँच्चै आमा नभएका टुहुरा बन्नेछन् । शत्रुले उनको देशमाथि आक्रमण गर्नेछन् । यी कुरालाई रानीले राम्ररी सोचिन् । उनले पति बिछोड हुँदा भएको आफ्नो दुःखलाई त्यसै दबाइन् । देश र जनताको भलाइका लागि उनले बाँच्ने निधो गरिन् । राजा बालक छन्, मौका यही हो भनेर जोरी खोज्न तम्सने रजौटाहरूलाई दमन गरिन् । नेपाल राज्यलाई अरू बढाइन् । यिनै महारानी राज्यवतीले छोरा मानदेवलाई राजकाज चलाउने सीप सिकाइन् । लडाईंका अनेक रहस्य सिकाई यिनले मानदेवलाई बहादुर बनाइन् । त्यति मात्र होइन, छोराको मनमा धर्म, दया, न्याय, उन्नति आदिको भाव पनि भरि-दिइन् । यसरी मानदेवलाई नेपालको इतिहासमा एउटा ठूलो राजा बनाएर छोडिन् ।

रानी राज्यवती कमलो मनकी थिइन् । तर राजकाजको काममा र नियानिसाफका मामलामा भने निकै दरिली थिइन् । निसाफ गर्दा उनी आफ्ना र अर्काको, धनी र गरीब, ठूला साना भन्ने छुट्टयाउन्नथिन् । कसैले आफ्नो घरको र शक्तिको धाक देखाई अरू माथि थिचोमिचो गर्‍यो भने त्यसले सजायँ पाइहाल्थ्यो ।

राज्यवती राजकाजबाट फुर्सत पाएको बखत दुनियाँका घर घर गई

दुःख सुखका कुरा गर्थिन् । सकेसम्म प्रजाको दुःख टार्थिन् । राजा भएर खालि दरबार र खोपीमा मात्र खुम्चिनु हुन्न, दुनियाँसँग सधैं मिलजुल गरी उनीहरूलाई परेको मर्का बुझ्नु पर्छ र सक्दो मद्दत गर्नुपर्छ भन्दै रानी राज्यवती छोरा मानदेवलाई बराबर अर्ती दिन्थिन् ।

यसरी आफ्ना छोरालाई सबै कुराबाट योग्य बनाएर रानी राज्यवती परमधाम भइन् । आमाको भक्त मानदेवले उनको सम्झनामा चाँगुमा राम्रा कलाकौशलका नमूनाहरू स्थापना गरे ।

**शब्द र अर्थ**

| | |
|---|---|
| रजौटाहरू | = स–साना राजाहरू |
| सती जानु | = मरेको लोग्नेसँगसँगै चित्तामा जलेर मर्नु |
| उपदेश | = अर्ती |
| टुहुरो | = आमाबाबु नभएको |
| मामला | = विषय |
| दमन | = दवाउनु |
| आक्रमण | = हमला |
| खोपी | = दरबारभित्रको भित्री सानो कोठा |
| परमधाम जानु | = स्वर्ग हुनु |

## नमूना अभ्यास

**१. तल सोधिएका प्रश्नको उत्तर लेख**

(क) महारानी राज्यवती को थिइन् ?

(ख) किन राज्यवतीले सती जाने इच्छा गरेकी हुन् ?

(ग) राज्यवयीले मानदेवलाई के भनेर आशीर्वाद दिइन् ?

(घ) राज्यवतीको सती जाने कुरा सुनेर मानदेवले के भने ?

(ङ) पछि महारानी राज्यवतीले किन सती नजाने निधो गरिन् ?

(च) महारानी राज्यवतीले मानदेवलाई के भनेर बरावर अर्ती दिन्थिन् ?

(छ) कसरी उनले मानदेवलाई नेपालको इतिहासमा ठूलो राजा बनाइन् ?

(ज) आमाको सम्झनामा मानदेवले के गरे ?

२. योग्य, आनन्द, उपदेश, आशीर्वाद, गुणी, असहाय, दमन, कुशल ।
यी माथिका शब्दहरूलाई तलका वाक्यमा मिल्दो गरी प्रयोग गर

(क) राजा मानदेव ............ थिए ।

(ख) रानीले आफ्नो बुद्धिले शत्रुहरूलाई .......... गरिन् ।

(ग) रानी सती गएपछि मानदेव..........हुन्थे ।

(घ) उनले सबै शत्रु दमन गरी.......सँग राज्य गरे ।

३. तल दिएका शब्दहरूलाई वाक्यमा प्रयोग गर
अठोट, टुहुरा, परमधाम, बिछोड, न्याय, अर्ती, कलाकौशल, थिचोमिचो, स्थापना, रक्षा ।

४. भावार्थ लेख
"स्वरमा स्वर मिलाउनु"

५. तलका भनाइ कसले कसलाई भनेको

(क) प्रजाको भलो गर्न र देशको शिर ठाडो राख्न कहिले पछि नपर्नू ।

(ख) हजूरलाई थाहै छ, पूर्वतिरका रजौटाहरू वेला वेलामा दुःख दिन्छन् ।

(ग) हो महारानी, रानी भने पनि आमा भने पनि हजूर नै होइबक्सिन्छ ।

(घ) राजा भएर खालि दरवार र खोपीमै मात्र खुम्चिनु हुन्न ।

६. तल दिएका शब्दहरूको अर्थ लेख

| | |
|---|---|
| शोक, सोख | स्वदेश, विदेश । |
| शव, सब । | भुक्छ, झुक्छ । |

७. तल दिइएका क्रियापदहरू मध्ये कुनकुन वर्तमान कालका र कुन भूत कालका हुन् चिनेर लेख

(१) रामले पढ्यो ।

(२) म विद्यालय जान्छु ।

(३) तिमी किताब पढिरहेका हुनेछौ ।

# मौकामा हीरा फोर्नु


कुनै वेला राजा युधिष्ठिर आफू भाइहरू सहित वनबासमा थिए। त्यहाँ उनलाई एउटा यज्ञ गर्न मन लाग्यो। यज्ञ गर्नलाई थुप्रो पैसा चाहिन्थ्यो। तर साथमा एक पैसा पनि थिएन। युधिष्ठिरले भाइहरूलाई बोलाए। भीमसेन, अर्जुन, नकुल र सहदेव सबै त्यहाँ उपस्थित भए। सल्लाह र छलफल पछि लाखौं रुपियाँ लाग्ने निधो भयो। आखिर यति धेरै पैसा कसले दिन सक्ला भनेर बिचार गर्दा गर्दै सबले कुबेरलाई सम्झे। सबको सल्लाहबाट भीमसेन-लाई उनी कहाँ पठाउने निधो भयो।

भीमसेन कुबेर कहाँ पुगे। त्यहाँ एक जना मानिस आँगनमा बसेर औंलामा थुक लगाउँदै पोखिएका तोरीका गेडा टिप्न लागेका थिए। भीमसेनलाई के सेवा गरौं ? भनेर सोधे। भीमसेनलाई पत्यार लागेन। जाबो तोरीको गेडामा पनि यस्तो हिरिक्क हुने कन्जूसले खै के पैसा देलान् भन्ने उनलाई लाग्यो र आफ्नो कुरै नबताई उनी फरक्क फर्के। भीमसेनले सबै कुरा दाजुलाई बताए। कुबेरलाई उनले माखाको पित्त भन्दा पनि सानो मन भएको मान्छे सिद्ध गर्न खोजे। तर युधिष्ठिरले भीमसेनलाई सम्झाउँदै भने कुबेरको धन त्यसै जम्मा भएको होइन। जाबो गेडो त हो नि भनेर रित्याउनेले कहिल्यै धन कमाउन सक्दैन। एक छिन त हो नि भनेर समय खेर फाल्नेले विद्या कमाउन सक्तैन। यो कुरा तिमीले गुरुबाट सुनेकै छौ। अब तिमी फेरि जाऊ। हामीलाई चाहिने पैसा उनले अवश्य दिनेछन्।

भीमसेन फेरि कुबेर कहाँ गए। उनी अहिलेसम्म तोरीका गेडा टिप्दै थिए। यस पटक भीमसेनले दाजुको समाचार सुनाए। तपाईंले पहिल्यै यो कुरा किन बताउनु भएन भन्दै कुबेरले दुःख मनाउ गरे र उनलाई आफ्नो ढुकुटीमा लगे। कुबेरको ढुकुटी देखेर भीमसेन चित खाए। उनको

छुकुटीमा सुन, चाँदी र हीरामोती जस्ता अनमोल खजानाको केही लेखाजोखा थिएन। कुबेरले तुरुन्त सयौं बोरा अशर्फी (सुनका रुपियाँ) ले भरिदिए। त्यसपछि ती बोरालाई गाडामा हाल्न लगाइयो। लाखौं रुपियाँले गाडा भरियो।

सबै कुरा ठीक भएपछि गाडा गुडाउन थाले तर गुडेन। भीमसेन र कुबेर दुवैले भएभरको बल लगाएर गाडालाई घचेटे, तै पनि गाडा डेग चलेन। बाटोमा ठूला खाल्टाखुल्टी परेकाले पाङग्रा अड्केका थिए। अनि



कुबेरले तोरी भूईंमा पोखिदिए। यो देखेर कुबेरले एक एक गेडा गरी टिपेको तोरी यसरी भूईंमा पोख्दा भीमसेनको मन खिन्न भयो। यो कुरा बुझेर कुबेरले भने– गरेको कुरा कहिल्यै खेर जाँदैन। गाडा गुडाउनलाई यसरी भूईंमा तोरी खन्याएको हुँ। मैले बेलामा एक एक गेडा तोरी टिपेर नराखेको भए अहिले गाडा गुडाउने तोरी कसरी जम्मा हुन्थ्यो। यसैले बेला बखतमा धन जोगाई राखे मौकामा काम आउँछ भनेको हो। लौत गाडा धकेलौं, अब गुड्छ। यस पटक त्यसलाई छोएका मात्र के थिए, तोरीले बाटो चिप्लो भएकोले गुडिहाल्यो। भीमसेन दश करोड रुपियाँ लिएर फर्के। मौकामा हीरा फोर्नु बेमौकामा कौडी नछोड्नु।

**शब्द र अर्थ**

हिरिक्क हुने = मर्नै खोज्ने
कन्जूस = लोभी
ढुकुटी = खजाना
चित खानु = छक्क पर्नु

## नमूना अभ्यास

**१. तल दिइएका प्रश्नका उत्तर लेख**

(क) युधिष्ठिरले भीमसेनलाई किन कुबेर कहाँ पठाए ?
(ख) भीमसेन जाँदा कुबेर के गर्न लागिरहेका थिए ?
(ग) के भन्ठानेर कुबेरसँग पैसा नमागी भीमसेन फर्के ?
(घ) युधिष्ठिरले भीमसेनलाई के भनेर सम्झाए र फेरि कुबेर कहाँ पैसा माग्न पठाए ?
(ङ) किन भीमसेनले कुबेरको ढुकुटी देखेर अचम्म माने ?
(च) किन कुबेरले एक बोरा तोरी गाडाको पाङ्ग्रामुनि खन्याइ दिए ?
(छ) यो कथा पढेर तिमीले के शिक्षा पायौ ?

**२. अर्थ खुलाएर लेख**

मौकामा हीरा फोर्नु, बेमौकामा कौडी नफोर्नु ?

**३. तल दिएका वाक्यहरू पढी सही उत्तर कापीमा सार**

(क) कुन समयमा राजा युधिष्ठिरलाई यज्ञ गर्न मन लाग्यो ?
(राजा भएका वेलामा, वनबास गएको वेलामा, नयाँ दरबार बनाएको वेलामा)
(ख) किन भीमसेन पहिलो पटक कुबेरसँग केही नभनी फर्के ?
(कुबेरलाई नभेटेकोले, कुबेरले पैसा नदिएकाले, कुबेर त्यति धनी होलान् भन्ने पत्यार नलागेकोले)

(ग) किन कुबेरले तोरी बाटामा खन्याए ?

(गाडा गुडाउन, आफू धनी छु भन्ने देखाउन, तोरी पेलेर तेल निकाल्न)

४. तलका वाक्यहरू कसले कसलाई भनेको हो ? पत्ता लगाऊ

(क) एक छिन त हो नि भनेर समय खेर फाल्नेले विद्या कमाउन सक्तैन ।

(ख) गरेको कुरा कहिले खेर जाँदैन ।

(ग) अल्छी मानिसले केही गर्न सक्तैन ।

(घ) उनले सबै कुरा बताए ।

(ङ) तोरीको सानो गेडा भनेर छोड्नु हुँदैन ।

५. जानु क्रियाबाट जान्छु, जान्छौ, जान्छन्, जान्छौ, जान्छ, जान्छस् बने झैं तलको क्रियाबाट पनि यस्तै रूप बनाऊ

भन्नु, खानु, हेर्नु, पढ्नु, बोल्नु ।

# आज्ञाकारी पाठाहरू

एका देशमा एउटा ठूलो जङ्गल थियो। त्यसलाई सबैले रानीवन भन्थे। त्यस जङ्गलमा एउटी बाखी र उसका चारोटा पाठाहरू बस्तथे। बाखी तिनीहरूको असाध्यै माया गर्थी। पाठाहरू पनि आमाले भनेको खुरुक्क मान्थे। जङ्गलको बास थियो। आफू बाहिर गएको बेलामा आफ्ना पाठाहरू-लाई जङ्गली जनावरले खाइदेलान् भन्ने उसलाई ठूलो डर थियो। त्यसैले उनीहरूलाई राख्न उसले काठको सानो कटेरो पनि बनाएकी थिई। तर पनि आफ्नो जस्तै स्वर पारेर कुनै दुष्ट जङ्गली जनावरले झुक्याएर मार्ला भन्ने चिन्ताले उसलाई छोडेन। एकदिन उसले आफ्ना पाठाहरूलाई यसरी सम्झाई–"म नभएको बेलामा जङ्गली जनावरहरूले यस कटेरोभित्र पसी तिमीहरूलाई मारेर खाइदिन सक्छन्। त्यसैले सधैं ढोका बन्द राख्नु कसैले ढोका घच्घचायो भने पनि आवाज चिनेर मात्र ढोका खोल्नु।" बाखी आफू बाहिर निस्केपछि पाठाहरूलाई ढोका बन्द गर्न लाउँथी। पाठाहरू सारै जाती थिए। सबै आमाले भनेको कुरा थपक्क मान्दथे। बाखी पनि आफू बाहिरबाट आएको कुरा थाहा दिन- "पाठा हो, म आएँ। छिटो ढोका खोल" भन्ने गर्थी।

पाठा पनि कम बाठा थिएनन्। आमाको स्वर सुनेपछि पनि पाठा-हरू पक्का गर्न कटेरोको प्वालबाट चियाउँथे। आमा नै आएकी हुन् भन्ने पक्का भएपछि मात्र उनीहरू ढोका खोलिदिन्थे।

त्यही कटेरो नजीक एउटा ब्वाँसो बस्थ्यो। त्यो असाध्यै दुष्ट र लोभी थियो। बाखीका पाठाहरूलाई देखेर त्यो सधैं घुटु घुटु थुक निल्थ्यो। उसलाई बाखीले बोलाएपछि मात्र पाठाहरूले ढोका खोल्ने कुरा थाहा थियो। एक दिन बाखी बाहिर गएको मौका पारी ब्वाँसोले कटेरोको ढोकामा पुगेर यसरी बोलायो- "पाठा हो ! म आंए। छिटै ढोका खोल।"



यो सुन्ने बित्तिकै पाठाहरू आमा आएको भन्ठानेर खुशी भए । एउटा चुल्बुले पाठो तुरुन्त उफ्रेर ढोका खोल्न गयो । तर उसलाई रोक्दै अर्को चङ्ख पाठोले भन्यो–"प्वालबाट चियाएर हेर त, यो आमा हैन । यो त दुष्ट ब्वांसो हो । आमाको जस्तै स्वर पारेर यसले हामीलाई झुक्क्याउन खोजेको हो । त्यसै ढोका खोल्नु हुन्छ ? खै आमाले भनेको मानेको ? वास्तवमा आमाले के भन्नु भएको थियो ?" पाठाहरूले प्वालबाट चियाएर हेरे । सबै पाठाहरूले दुष्ट ब्वांसो झुक्क्याउन आएको भन्ने थाहा पाइहाले । अनि कसैले पनि ढोका खोलेनन् । उनीहरूले कटेरोभित्रबाटै यस्तो जवाफ दिए–

तँ झुक्क्याउन आएको हामीले थाहा पायौं ।
तँलाई राम्ररी चिनेर हामीले ढोका लायौं ।

आफ्नो बठ्याइँले काम नचलेको देखेर ब्वाँसो दिक्क भयो । अनि खुइय्य गर्दै फरक्क फर्क्यो । साँझ परेपछि बाख्री आई । पाठाहरूले ब्वाँसो छकाउन आएको र आफूले ढोका नखोलेको कुरा सुनाए । बाख्री खुशी हुँदै भनी– "तिमीहरू ठूलाले भनेको मान्ने र विचार गरेर काम गर्ने हुनाले तिमीहरूको ज्यान जोगियो । अब पनि सधैं यस्तै बानी गर्नू । यसो गर्‍यौ भने तिमीहरूले सधैं सुख पाउने छौ । यति भनेर बाख्रीले पाठाहरूलाई दूध खुवाउन थाली ।

## शब्द र अर्थ

कटेरो = गोठ, छाप्रो

थूक निल्नु = लोभिनु

आग्लो = ढोका बन्द गर्ने तेस्रो लाम्चो चुकुल

## नमूना अभ्यास

१. तलका प्रश्नहरूको उत्तर लेख

(क) बाख्रीलाई के को असाध्यै डर थियो ?

(ख) ऊ आफ्ना पाठाहरूलाई के भनेर सम्झाइरहन्थी ?

(ग) बाख्री आफू बाहिरबाट आएको थाहा दिन के भन्ने गर्थी ?

(घ) आमा नै आएको हो कि होइन भन्ने कुरा उनीहरू कसरी छुट्ट्याउँथे ?

(ङ) ब्वाँसो किन निराश भएर फर्क्यो ?

(च) पाठाहरूले कसरी आफ्नो ज्यान जोगाए ?

(छ) यो कथाबाट के शिक्षा पायौ ?


२. तलका शब्दहरू वाक्यमा प्रयोग गर

चियाएर हेर्नु, रमाउँदै, ज्यान, दूध ।

३. तल दिइएका शब्दहरूमा नाम र क्रियापद छुट्ट्याउ

संसार, आयो, पेट, आऊ, गर्छन्, दाज्यु, भाइ, हिँड, जाउँ, बहिनी, पहिरो, टीका ।

# गाई



गाई घर पालुवा चारखुट्टे जनावर हो । यसका दुईओटा सिंग हुन्छन् । गाईका खुरहरू फाटेका हुन्छन् । घाँटीमा मासुको लुर्कन झोलिएको हुन्छ । यसलाई माल भन्दछन् । गाईको मुखमा तल मात्र दाँत हुन्छ । कल्चौंडामा चारओटा थुन हुन्छन् । गाईका कद विभिन्न थरीका हुन्छन् । कुनै गाई अग्ला, कुनै मझौला र कुनै पुड्का हुन्छन् । हिमाली भेक वा लेकतिरका लामा लामा रौं र गुच्छ परेको पुच्छर भएको गाईलाई चौंरी गाई भन्दछन् । यसको भालेलाई याक र पोथीलाई नाक भन्छन् । चौंरी गाईको साथै जर्सी, अछामी आदि जातका गाईले पनि प्रशस्त दूध दिन्छन् । गाईको स्वभाव बढी सुधो हुन्छ । जिस्कायो भने मात्र यसले अरूलाई हान्छ । कुनै गाई अलि जण्ड पनि हुन्छन् ।

गाईलाई घाँस, पराल र अन्नको दाना खान दिइन्छ । हरियो घाँस यसले ज्यादा मन पराउँछ । बियाएको गाईलाई चाकु, मास, भटमास, मकैको पिठो र कुँडो पनि खुवाउँछन् । गाईले पहिले घाँस पात खुरूखुरू

निल्छ । पछि त्यसलाई मुखमा ल्याएर चपाउँछ । त्यसलाई उग्राउने भन्छन् । गाईको पोथी बच्चालाई बाच्छी र भाले बच्चालाई बहर भन्ने चलन छ । बहरलाई जोत्नको लागि प्रयोग गरिन्छ । मधेशतिर गोरुले गाडा तान्ने काम पनि गर्छ । गाईको आयु सालाखाला बीस वर्षसम्मको हुन्छ ।

गाई मानिसलाई खुब काम लाग्छ । यसले हामीलाई दूध दिन्छ । दूधले बालक, तन्नेरी र बूढा सबैलाई तागत दिन्छ । दूधबाट दही, मही, कुराउनी, खुवा, घिउ, बन्दछन् । घिउ र खुवाबाट बर्फी, पेडा, लालमोहन, रसवरी आदि परिकार बनाउन सकिन्छ । गोबरलाई सुकाएर गुइँठा बनाउँछन् र त्यसबाट आगो बाल्ने काम लिइन्छ । आजकाल गोबरबाट ग्याँस निकालेर बत्ती बाल्ने र भात पकाउने चलन पनि गरेका छन् । गाईको गोबर मलको काममा पनि आउँछ । यसले खेतबारीमा अन्न पातको उब्जनी धेरै गराउँछ ।

गाई जिउँदो मात्र होइन मरेपछि पनि काम लाग्छ । मरेपछि यसको छालाबाट जुत्ता, पेटी, थैला, सुटकेश आदि बनाउन सकिन्छ । हाडबाट खुकुरी, चक्कूको बीड बन्दछन् । खूरबाट सरेस बन्छ ।

हिन्दू समाजमा गाईलाई आमा भनेर ढोग्ने र पूजा गर्ने चलन छ । गाई तिहारमा हामी गाईको पूजा धूमधामसँग गर्छौं । गाईलाई लक्ष्मी पनि भन्छन् । गाईलाई आमा अथवा लक्ष्मी भन्नु एकदम ठीक छ । दूध खुवाएकोले गाई हाम्री आमा भइन् । यो हाम्रो धन भएको हुनाले गाई हाम्री लक्ष्मी भइन् । हाम्रो देशको ऐनमा गाई मार्नेलाई ठूलो सजायँ तोकिएको छ । यसलाई हामीले राष्ट्रिय जनावर मानेका छौं । यसरी गाई मान्छेको लागि ज्यादै काम लाग्ने जनावर देखिन्छ ।

**शब्द र अर्थ**

घर पालुवा = घरमा पालिने
सुकंन = झोलिएको मासु

कद = आकार
सुधो = सोझो
जण्ड = कडा
सरेस = काठ आदि टाँस्न, जोड्नमा लगाइने लस्सादार वस्तु ।
परिकार = खानेकुराका किसिम

## नमूना अभ्यास

**१. छोटकरीमा तलका प्रश्नको उत्तर लेख**

(क) गाई कस्तो जनावर हो ?
(ख) गाई कति किसिमका हुन्छन् ?
(ग) गाईले के के खान्छ ?
(घ) गाईबाट हामीलाई के फाइदा छ ?
(ङ) गाईको दूधबाट के के परिकार बन्दछ ?
(च) गाई जिउँदोमा मात्र हैन मरेपछि पनि काम लाग्छ भनेर किन भनिएको हो ।
(छ) हिन्दूहरू गाईलाई किन पूजा गर्छन् ?

२. यस पाठको आधारमा आफ्नै शब्दमा गाईको वयान गर ।

**३. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर**

कल्चौंडा, मझौला, लुर्कन, पूजा, सरेस, जर्सी ।

**४. तलका विषयमा छोटो प्रबन्ध लेख**

(क) भेडा (ख) कुकुर (ग) घोडा

# गाउँछ गीत नेपाली

– माधव प्रसाद घिमिरे

गाउँछ गीत नेपाली,
ज्योतिको पङ्ख उचाली ।
जय जय जय हे नेपाल,
सुन्दर शान्त विशाल ॥
गण्डकी, कोशी, कर्णाली, मेची र महाकाली
लेक र बेसी ब्यूझाउँछन् लहर लाखौं उचाली ।
हिमालचुली बोलाउँछ पहिलो झुल्का निकाली
सगरमाथा शिखरमा पुग्दछ पहिले नेपाली ॥

गाउँछ गीत नेपाली. . .

सीताले सारा भिजाइन् दक्षिण लङ्का, भारत
भृकुटी तारा उदाइन् उत्तर चीन, तिब्बत ।
बुद्धले यहीं पाएथे ज्ञानको पहिलो मुहान
शिवले यहीं ल्याएथे सृष्टिको पहिलो बिहान ॥

गाउँछ गीत नेपाली. . .

पश्चिम किल्ला काँगडा, पूर्वमा टिष्टा पुगेर्थ्यौं
कुन शक्तिको साम्नुमा कहिले हामी झुकेर्थ्यौं ।
हामीले हिमाल उठायौं एशियाको माझमा
सभ्यता बास बसेर्थ्यौं आएर यहीं साँझमा ॥

गाउँछ गीत नेपाली. . .

यी नेपाली धूलोमा तिलको फूल रोपेर
यी पहाडी शिलामा प्रीतिको गीत खोपेर ।
बाँचौंला हामी नेपालमा चन्द्र र सूर्य ध्वजा सरी
नाचौंला हामी हिमालमा ज्योतिको पङ्ख उचाली ॥

गाउँछ गीत नेपाली...

## शब्द र अर्थ

ज्योति = उज्यालो, प्रकाश
पङ्ख = पखेटा
सुन्दर = राम्रो
विशाल = ठूलो
लेक = पहाडको माथिल्लो भाग
बेंसी = पहाडको तल्लो भाग
शिखर = टाकुरा
मुहान = मूल
सामु = अगाडि
प्रीति = प्रेम
ध्वजा = झन्डा

# नमूना अभ्यास

१. तल दिइएका प्रश्नको उत्तर लेख

(क) नेपालको गौरव बढाउने मुख्य को को हुन् ?
(ख) सगरमाथाको शिखरमा सबभन्दा पहिला को को पुगे ?
(ग) भृकुटी तारा कहाँ उदाइन् ?
(घ) बुद्धले ज्ञानको पहिलो मुहान् कहाँबाट पाए ?
(ङ) हामी पूर्वमा र पश्चिममा कहाँ कहाँसम्म पुगेथ्यौं ?
(च) नेपालीहरू कसरी बाँच्ने इच्छा गर्छन् ?

२. खाली ठाउँमा भर

यँ नेपाली धूलामा दिलको फूल ........, .......
.......... .शीलामा प्रीतिको गीत खोपेर
बाँचौंला हामी नेपालमा चन्द्र र सूर्य ............
.......... .हामी हिमालमा ज्योतिको पङ्ख उचाली

३. लय हालेर कविता पाठ गर ।

४. तल दिइएका शब्दहरूको उही अर्थ आउने शब्द लेख

जस्तै– ज्योति=प्रकाश, उज्यालो,
पङ्ख, सुन्दर, विशाल, शान्त, शिखर,शीला, प्रीति, सभ्यता, ध्वजा ।

---

५. (क) जुनसुकै वाक्य पूरा भए पछि दिइने धर्का जस्तो (।) चिन्हलाई पूर्णविराम चिन्ह भनिन्छ, जस्तोः– राम घर गयो । म स्कूल जान्छु। यसरी नै पाँचओटा वाक्यहरू लेखी आवश्यक ठाउँमा पूर्णविराम चिन्ह राख ।

(ख) कुनै कुरा सोध्नुपर्दा प्रश्नको पछाडि दिइने यस्तो (?) चिन्हलाई प्रश्नवाचक चिन्ह भनिन्छ, जस्तो:– के ऊ घर जाला ? के भोली तिमी आउँछौ ? माथिका उदाहरणहरू हेरी पाँचओटा प्रश्नवाचक वाक्य वनाई अन्त्यमा प्रश्नवाचक चिन्ह प्रयोग गर ।

# खरायो र सिंह

कुनै जङ्गलमा एउटा सिंह बस्थ्यो । त्यो साह्रै घमण्डी थियो । "म त यस जङ्गलको राजा हुँ । मैले भनेको यो जङ्गलमा बस्ने सबैले मान्नु पर्छ" भन्ने उसको विचार थियो । त्यो सिंहले अब शिकार खोज्न पनि कतै नजाने विचार गऱ्यो । त्यस जङ्गलमा जति जनावरहरू थिए, सबैले पालैपालो गरी दिनका दिन उसकहाँ आउनु पर्ने नियम लगायो । ऊ त्यसरी आएकालाई खाएर आफ्नो भोक मेट्ने गर्थ्यो । जङ्गलका सबै जनावरहरू रीसले आगो हुन्थे । तर सबैजना ऊसित बोल्न र चित्त नबुझेको कुरा उसलाई सुनाउन डराउँथे ।

जस जसको पालो आउँथ्यो ऊ आफैं सिंह कहाँ हाजिर हुन्थ्यो र सिंहको आहारा बन्थ्यो । यसैगरी एक दिन एउटा खरायोको पालो आयो र उसले विचार गऱ्यो । "अब यो सिंहको घमण्ड नतोडी भएन । त्यस कहाँ जानै पर्छ भने पनि किन घाँडे जाने ? म त बिस्तारै आफ्नै सुरमा जान्छु ।"

उता सिंह भोकले आच्छु आच्छु भैसकेको थियो । कहिले खरायो आइपुग्ला र झम्टौंला भन्दै ऊ रीसले मुर्मुरिन लाग्यो । खरायोलाई लुरुलुरु आइरहेको देखेर एक्कासि गर्ज्यो– "ए नाथे खरायो, यतिका बेर कहाँ गएको थिइस् ? मलाई भोक लाग्छ भनेर तँलाई थाहा थिएन ? अब म तँलाई एकै गाँसमा सिध्याउँछु ।"

सिंहको यस्तो गर्जन सुनेर खरायोले नम्र भएर भन्यो– "महाराज ! म त समयमै हिंडेको थिएँ । बाटामा एउटा अजङ्गको सिंह भेट भयो । उसले मलाई तँ कहाँ जान लागेको भनी सोध्यो । मैले यस जङ्गलको राजा सिंह कहाँ जान लागेको कुरा बताएँ । मेरो कुरा सुनेर उसले गर्जंदै भन्यो–

को राजा भन्छ यो ? जङ्गलको राजा त म हुँ । त्यसो भए यो जङ्गलको राजा को रहेछ सोधेर चाँडै आउँछु भनी म त्यसबाट फुत्केर महाराज कहाँ आउँदैछु ।" उसले भन्यो– "त्यो सिंह कहाँ छ ? मलाई झट्ट देखा। म त्यसलाई अहिले नै मार्छु ।"



खरायोले "हस्, महाराज" भन्यो र बुबै सँगै हिँड्न थाले। केही पर एउटा इनार थियो। खरायोले सिंह-लाई त्यस इनारभित्र देखाउँदै भन्यो–"महा-राज हेर्नुहोस्, त्यो सिंह त्यहीं भित्र बसेको छ। नपत्याए हेर्नु होस्, सर-कार ।" सिंहले इनारभित्र हेर्‍यो । पानीमा उसले आफ्नै छायाँ देख्यो । त्यस छायाँलाई अर्को सिंह सम्झेर उसले भन्यो–"इनारभित्र लुकेर बस्ने लाछी सिंह, तँलाई अहिले नै सिध्याई दिन्छु ।" यति भन्दै ऊ इनारमा हामफाल्यो ।

सिंह इनारमा खसेर मरेको देखी खरायो खुशीले उफ्रन थाल्यो । यसरी खरायोले आफ्नो बुद्धिले गर्दा आफूलाई मार्न तम्सेको त्यत्रो बलवान सिंहलाई मारेर जङ्गलका धेरै प्राणीहरूको ज्यान बचायो ।

**शब्द र अर्थ**

शिकार = मासु खाने जङ्गली जनावर वा पशुपंक्षीलाई मार्ने काम
आहारा – खानेकुरा, दाना
तोड्नु = टुक्र्याउनु

आच्छु आच्छु = आपद पर्दा यसो गरूँ कि उसो गरूँ हुने
अजङ्गको = एकदम ठूलो
फुत्केर = उम्केर
लाछी = कायर, डरछेरुवा
बलवान = बलियो

## नमूना अभ्यास

१. तल दिइएका प्रश्नहरूको उत्तर देऊ
   (क) घमण्डी सिंहको कस्तो विचार थियो ?
   (ख) पछि उसले के गर्ने विचार गर्‍यो ?
   (ग) खरायोले सिंहलाई कसरी छकाएर मार्‍यो ?
   (घ) यो कथाबाट के शिक्षा पायौ ?

२. तलका वाक्यका खाली ठाउँमा कोठाभित्र दिइएका मिल्दो शब्द छानी भर
   (क) जस जसको पालो आउँथ्यो, ऊ आफैं सिंहकहाँ ........हुन्थ्यो (हाजिर, गयल)
   (ख) अब यो सिंहको . . . .नतोडी भएन । (रीस, घमण्ड)
   (ग) म त्यसलाई अहिले नै . . . . . (मार्छु, खान्छु)
   (घ) खरायोको . . . . . ले सिंह मारियो । (बल, बुद्धि)


व्याकरण:

३. भाले जाति बुझाउने शब्दलाई पुलिङ्ग भन्दछन् । पोथी जाति बुझाउने शब्दलाई स्त्रीलिङ्ग भन्दछन् । भाले र पोथी नछुट्टिनेलाई नपुंसक लिङ्ग भन्दछन्

   जस्तै:– पुलिङ्ग– भाइ, स्त्रीलिङ्ग– बहिनी, नपुंसकलिङ्ग– किताब ।

४. तलका शब्दहरू पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा बदलेर वाक्यमा प्रयोग गर
   आमा, दिदी, घोडा, गाई, राजा ।

# आगलागी र यसबाट बचावट



वैशाख महीनाको चौपट्ट गर्मी छ । उमेश आफ्ना भाइ श्याम र बहिनी राधाका साथ पाठशालाबाट घर फर्कंदै छन् । तिनीहरूका कुराकानी पनि गर्मीकै बारेमा चल्दै छ ।

श्याम – आज त असाध्यै गर्मी छ, हगि दाइ ?

उमेश – अँ, आसाध्यै गर्मी छ, यस्तो बेलामा त आगलागीको पनि निकै डर हुन्छ ।

राधा – किन र दाइ, गर्मीमा आगलागीको डर हुन्छ ?

उमेश – गर्मीमा सबै चीज धेरै सुकेका हुन्छन् । आगोले छोयो कि त सल्किहाल्छ । (त्यत्तिकैमा राधाका आँखा पर आकाशमा उडेको कालो मुस्लोको धूवाँमा पर्छ)

राधा – (कराएर) ओ दाइ दाइ । ऊ त्यो आकाशमा उडेको कालो मुस्लो के हो ?

उमेश – (राधाले देखाएतिर हेरेर) अहो ! त्यो त धूवाँको मुस्लो जस्तो छ । कतै आगलागी त भएन ? भर्खर आगलागीकै कुरा गर्नु, भर्खरै त्यस्तो देखिनु, हिँड त जाउँ ।

(तीनै जना हस्याँङ्ग फस्याँङ्ग गर्दै दगुरेर त्यहाँपुग्छन् । त्यहाँ घरहरू हुरहुरी सल्केका देखिन्छन् । मानिसहरू हडबडमा आगो निभाउन थालेका हुन्छन् । दमकल आइपुग्छ र आगो निभाउन थाल्छ । केही छिन पछि दुइ चार घर बचाउन मानिस सफल हुन्छन् । बाँकी सबै घर हेर्दाहेर्दै खरानी हुन्छन्) ।

श्याम – ओहो, कस्तो विचल्ली । हजारौं सम्पत्तिको नाश ।

राधा – यो आगो कसरी लाग्छ, दाइ ?

उमेश – थाहा छैन तिमीलाई ? आगोको होशियारी गरेन भने आगलागी भइहाल्छ । सलाई कोर्दा र लाइटर बाल्दा आगो बल्छ, यो त तिमीहरूलाई थाहै होला ।

राधा – छ ।

उमेश – हो, कसैले सलाई कोरेर बेहोशसँग फाल्यो भने त्यसले सुकेका पात पतिङ्गर, खर, पराल आदिलाई तुरुन्त टिप्छ । अनि छिट्टै त्यसले घर टिप्छ, गाउँ टिप्छ ।

श्याम – ननिभाईकन फालेका चुरोट र बिडीका ठुट्टाले पनि त आगलागी हुनु पर्ने नि दाई ?

उमेश – किन नहुनु ? ननिभाईकन जथाभावी फाल्यो भने चुरोट र बिडीका ठुट्टाले मात्र होइन, कक्कड र तमाखुले पनि आगलागी हुन सक्छ । अगेनामा आगो छोपछाप नगरी छोड्नाले पनि यस्तो आगलागी हुन सक्छ । कहिले ता टुकी, लंफा र

लालटिन ननिभाई सुत्यो भने पनि त्यस्तो हुन बेर लाग्दैन । हुरी चल्यो भने त आगो भित्र होस् वा बाहिर, निभाई हाल्नु पर्छ ।

राधा – यसो विचार गर्दा त मान्छेकै हेलचेक्र्याइँले पो आगो लाग्ने रहेछ । होइन त दाइ ?

उमेश – कहिले त आगोले मान्छेको ज्यानै पनि लिन बाँकी राख्दैन । चुलोमा, अगेनामा र स्टोभ बालेको ठाउँमा नाइलोनका सारी, फ्रक र अरू कपडा लगाएर बस्दा केही गरी त्यस्ता कपडालाई आगोले टिप्यो भने आगो निभाउनै नपाई मान्छे खुत्रुक्कै हुन्छ । उसले ऐया पनि भन्न पाउँदैन ।

राधा – ओहो दाइ, आगोबाट त ज्यानै जाँदो रहेछ ।

उमेश – आगो जथाभावी फ्याँक्न हुन्न । आगो ज्यानमारा मात्र होइन, हाम्रो साथी पनि हो । यसलाई हामीले विभिन्न काममा प्रयोग गर्न पनि सक्छौं । तर यसलाई जथाभावी फ्याँक्न चाहि हुन्न ।

श्याम – बुझें दाइ, अरू आगलागी भैहाल्यो भने यसलाई कसरी निभाउने ?

उमेश – लाग्नेबित्तिकै उपाय गरे त दमकलबाट निभाउन सकिन्छ । तर आगो फैलेपछि निभाउन कठिन पर्छ ।

श्याम – तर हाम्रो गाउँघरमा त दमकल हुँदैन, के गर्ने नि ?

उमेश – गाउँघरमा दमकल त हुँदैन तर हरिया स्याउला पाउन सकिन्छ । त्यसैले पनि निभाउन सकिन्छ । शुरूमै बालुवा र चिसो माटो हालिदिन सक्यो भने पनि सानोतिनो आगो निभिहाल्छ । सबै

आच्छु आच्छु = आपद पर्दा यसो गरूँ कि उसो गरूँ हुने
अजङ्गको = एकदम ठूलो
फुरुकेर = उम्केर
लाछी = कायर, डरछेरुवा
बलवान = बलियो

## नमूना अभ्यास

**१. तल दिइएका प्रश्नहरूको उत्तर देऊ**

(क) घमण्डी सिंहको कस्तो विचार थियो ?
(ख) पछि उसले के गर्ने विचार गर्‍यो ?
(ग) खरायोले सिंहलाई कसरी छकाएर मार्‍यो ?
(घ) यो कथाबाट के शिक्षा पायौ ?

**२. तलका वाक्यका खाली ठाउँमा कोठाभित्र दिइएका मिल्दो शब्द छानी भर**

(क) जस जसको पालो आउँथ्यो, ऊ आफैं सिंहकहाँ .......हुन्थ्यो (हाजिर, गयल)
(ख) अब यो सिंहको . . . .नतोडी भएन । (रीस, घमण्ड)
(ग) म त्यसलाई अहिले नै . . . . . (मार्छु, खान्छु)
(घ) खरायोको . . . . . ले सिंह मारियो । (बल, बुद्धि)

**व्याकरण:**


**३. भाले जाति बुझाउने शब्दलाई पुलिङ्ग भन्दछन् । पोथी जाति बुझाउने शब्दलाई स्त्रीलिङ्ग भन्दछन् । भाले र पोथी नछुट्टिनेलाई नपुंसक लिङ्ग भन्दछन्**

जस्तै:– पुलिङ्ग– भाइ, स्त्रीलिङ्ग– बहिनी, नपुंसकलिङ्ग– किताब ।

**४. तलका शब्दहरू पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा बदलेर वाक्यमा प्रयोग गर**

आमा, दिदी, घोडा, गाई, राजा ।

# आगलागी र यसबाट बचावट



वैशाख महीनाको चौपट्ट गर्मी छ । उमेश आफ्ना भाइ श्याम र बहिनी राधाका साथ पाठशालाबाट घर फर्कंदै छन् । तिनीहरूका कुराकानी पनि गर्मीकै बारेमा चल्दै छ ।

श्याम – आज त असाध्यै गर्मी छ, हगि दाइ ?

उमेश – अँ, आसाध्यै गर्मी छ, यस्तो बेलामा त आगलागीको पनि निकै डर हुन्छ ।

राधा – किन र दाइ, गर्मीमा आगलागीको डर हुन्छ ?

उमेश – गर्मीमा सबै चीज धेरै सुकेका हुन्छन् । आगोले छोयो कि त सल्किहाल्छ । (त्यत्तिकैमा राधाका आँखा पर आकाशमा उडेको कालो मुस्लोको धूवाँमा पर्छ)

राधा – (कराएर) ओ दाइ दाइ। ऊ त्यो आकाशमा उडेको कालो मुस्लो के हो ?

उमेश – (राधाले देखाएतिर हेरेर) अहो ! त्यो त धूवांको मुस्लो जस्तो छ। कतै आगलागी त भएन ? भर्खर आगलागीकै कुरा गर्नु, भर्खरै त्यस्तो देखिनु, हिँड त जाउँ।

(तीनै जना हस्यांङ्ग फस्यांङ्ग गर्दै दगुरेर त्यहांपुग्छन्। त्यहां घरहरू हुरहुरी सल्केका देखिन्छन्। मानिसहरू हडबडमा आगो निभाउन थालेका हुन्छन्। दमकल आइपुग्छ र आगो निभाउन थाल्छ। केही छिन पछि दुइ चार घर बचाउन मानिस सफल हुन्छन्। बांकी सबै घर हेर्दाहेर्दै खरानी हुन्छन्)।

श्याम – ओहो, कस्तो विचल्ली। हजारौं सम्पत्तिको नाश।

राधा – यो आगो कसरी लाग्छ, दाइ ?

उमेश – थाहा छैन तिमीलाई ? आगोको होशियारी गरेन भने आगलागी भइहाल्छ। सलाई कोर्दा र लाइटर बाल्दा आगो बल्छ, यो त तिमीहरूलाई थाहै होला।

राधा – छ।

उमेश – हो, कसैले सलाई कोरेर बेहोशसँग फाल्यो भने त्यसले सुकेका पात पतिङ्गर, खर, पराल आदिलाई तुरुन्त टिप्छ। अनि छिट्टै त्यसले घर टिप्छ, गाउँ टिप्छ।

श्याम – ननिभाईकन फालेका चुरोट र बिडीका ठुट्टाले पनि त आगलागी हुनु पर्ने नि दाई ?

उमेश – किन नहुनु ? ननिभाईकन जथाभावी फाल्यो भने चुरोट र बिडीका ठुट्टाले मात्र होइन, कक्कड र तमाखुले पनि आगलागी हुन सक्छ। अगेनामा आगो छोपछाप नगरी छोड्नाले पनि यस्तो आगलागी हुन सक्छ। कहिले ता टुकी, लंफा र

लालटिन ननिभाई सुत्यो भने पनि त्यस्तो हुन बेर लाग्दैन। हुरी चल्यो भने त आगो भित्र होस् वा बाहिर, निभाई हाल्नु पर्छ।

राधा – यसो विचार गर्दा त मान्छेकै हेलचेक्रयाइँले पो आगो लाग्ने रहेछ। होइन त दाइ ?

उमेश – कहिले त आगोले मान्छेको ज्यानै पनि लिन बाँकी राख्दैन। चुलोमा, अगेनामा र स्टोभ बालेको ठाउँमा नाइलोनका सारी, फ्रक र अरू कपडा लगाएर बस्दा केही गरी त्यस्ता कपडालाई आगोले टिप्यो भने आगो निभाउनै नपाई मान्छे खुत्रुक्कै हुन्छ। उसले ऐया पनि भन्न पाउँदैन।

राधा – ओहो दाइ, आगोबाट त ज्यानै जाँदो रहेछ।

उमेश – आगो जथाभावी फ्याँक्न हुन्न। आगो ज्यानमारा मात्र होइन, हाम्रो साथी पनि हो। यसलाई हामीले विभिन्न काममा प्रयोग गर्न पनि सक्छौं। तर यसलाई जथाभावी फ्याँक्न चाहि हुन्न।

श्याम – बुझें दाइ, अरू आगलागी भैहाल्यो भने यसलाई कसरी निभाउने ?

उमेश – लाग्नेबित्तिकै उपाय गरे त दमकलबाट निभाउन सकिन्छ। तर आगो फैलेपछि निभाउन कठिन पर्छ।

श्याम – तर हाम्रो गाउँघरमा त दमकल हुँदैन, के गर्ने नि ?

उमेश – गाउँघरमा दमकल त हुँदैन तर हरिया स्याउला पाउन सकिन्छ। त्यसैले पनि निभाउन सकिन्छ। शुरूमै बालुवा र चिसो माटो हालिदिन सक्यो भने पनि सानोतिनो आगो निभिहाल्छ। सबै

गाउँलेले मद्दत गरे भने गाग्राका गाग्रा पानी खन्याएर पनि आगो निभाउन सकिन्छ ।

राधा – अहो, यो आगलागी कति डरलाग्दो रहेछ । यसैले त आगलागी नहोस् भन्नाको लागि के गर्नुपर्छ, दाइ ?

उमेश – के गर्नु पर्छ ? पहिल्यै होस गर्नुपर्छ । ठूलाबडाले चुरोट, बिडी, तमाखु खाएर जथाभावी चिलिम घोप्टयाउनु, आगो फ्याँक्नु हुन्न । भात पकाउनेले अगेना, चुलामा आगो बाल्दा अन्त नपर्ने गरी बाल्नु पर्छ । खाना पकाउँदा आगोको ज्वाला निस्कियो भने त्यस्तोमा कुनै भाँडाले घ्याप्प छोपी दिनु पर्छ । यसलाई केटाकेटीले पाउने ठाउँमा राख्नु हुन्न । केटाकेटीले पनि सलाई पाए भनेर कोर्नु हुन्न, कोरेर फाल्नु हुन्न ।

राधा – अरू के के गर्नु पर्छ, दाइ ?

उमेश – खर, छ्वाली, पराल, सुकेका पात पतिङ्गरको नजीक चुलो बनाउनु हुन्न । मट्टीतेल, पेट्रोल, कागत, जूट जस्ता छिट्टै आगोले टिप्ने वस्तुहरूबाट आगो धेरै पर राख्नु पर्छ । यसरी विचार पुऱ्याउन सके हतपति आगलागी हुँदैन ।

श्याम – (दुवैले एकैचोटि) त्यसो भए हामी कहिले पनि बालेको सलाई जथाभावी मिल्काउँदैनौं, है दाइ ?

उमेश – त्यति मात्र होइन, तिहार, उत्सवमा पटका पट्काउँदा, भूईं-चम्पा, आतसवाजी उडाउँदा पनि आगो लाग्ने डर हुन्छ । त्यसैले यस्ता कुराहरू पनि जहाँ पायो उहीँ नपड्काउनू । आगो लागि-सकेपछि त्यसलाई निभाउन कठिन पर्छ ।

श्याम – हुन्छ दाइ, हामी तपाईंले भनेको कुरा खूब हेक्का राख्नेछौं ।
(तीनै जना बिस्तारै बिस्तारै फर्कन थाल्छन् ।)

## शब्द र अर्थ

बिचल्ली = बिजोग

भूईं–चम्पा = बारूदबाट बनेको पड्केपछि उड्ने पटका

हेक्का राख्नु = सम्झनु

# नमूना अभ्यास

**१. तल दिइएका प्रश्नको उत्तर लेख**

(क) श्याम उमेशका दाइ हुन् कि भाइ ?
(ख) श्याम, उमेश र राधा केको बारेमा कुरा गरिरहेका थिए ?
(ग) आगलागीको धेरै डर गर्मीमा हुन्छ कि जाडोमा ? किन ?
(घ) आगलागी के के बाट हुन सक्छ ?
(ङ) आगलागी भएमा आगो निभाउन के के गरिन्छ ?

**२. तलका शब्दहरू प्रयोग गरी वाक्य बनाऊ**

असाध्यै गर्मी, धूवाँको मुस्लो, हेलचेक्र्याइँ, ऐय्या, जथाभावी, हेक्का, हतपति, हगि ।

**३. तल दिइएका विषयमा संवाद गर**

(क) चरा मानिसको साथी ।
(ख) प्रजातन्त्र दिवसको महत्त्व ।
(ग) सिनेमा हेर्न जान लागेको साथीसँगको भेट ।
(शिक्षकले दुई या तीन विद्यार्थीलाई संवाद गराउनु उपयुक्त हुन्छ ।)

**४. तलका शब्दहरू कुन कुन लिङ्गका हुन्, छुट्याऊ**

गाई, बोको, कलम, साँढे, चुरोट, आगो, भाउज्यू, कुकुर, आमा, मेच, टेबल, कापी, टोपी, दिदी, फ्याउरो ।

# रामशाहको नियाँ

– वैयज्ञ न्यौपाने

थिए योग्य राजा बडा राम शाह ।
सबै भन्छन् छैन केही अथाह ॥
सबै मित्र ठानेर गोर्खा कजाई ।
सधैं स्नेहले राज्य गर्थे रमाई ॥

१

न गर्थे कसैमा उनी भेदभाव ।
सबै माथि उनको थियो सत् प्रभाव ॥
विचारेर नाना मिही मर्म बात ।
उनी गर्दथे न्यायमा योग्य बात ॥

२

चलन गर्न माना र पाथीहरूको ।
बसाले स्थिति जो नयाँ सिर्जनाको ॥
गरी नित्य यस्तै अनेकौं सुधार ।
उनी गर्दथे उन्नती बार बार ॥

३

अरूलाई गोर्खा छ कस्तो, चिनाए ।
सबै न्यायको केन्द्र गोर्खै बनाए ॥
त्यही काल देखिन् चल्यो यो उखान ।
नपाए नियाँ गोरखा जानु खोज्न ॥

४

**शब्द र अर्थ**

योग्य = काम गर्न लायक
अथाह् = थाहा नपाइसक्नु
कजाई = काममा लगाएर
सत् प्रभाव = राम्रो प्रभाव
नियाँ = न्याय

## नमूना अभ्यास

१. गति र यति मिलाई कविता सस्वर पाठ गर ।

२. तलका प्रश्नका उत्तर देऊ

(क) रामशाह् कस्ता राजा थिए ?
(ख) रामशाह् कसरी राज्य गर्थे ?
(ग) रामशाह्को न्याय कस्तो थियो ?
(घ) रामशाह्ले गरेका सुधारहरू के के हुन् ?
(ङ) रामशाह्ले गोरखालाई के बनाए ?

३. 'नियाँ नपाए गोरखा जानू' किन भनेको हो ? कविताकै आधारमा लेख ।

४. तलका शब्दका अर्थ लेख

बडा, मिही, मर्म, सिर्जना, काल, अनेकौं, उन्नति, केन्द्र,

५. कविताको पहिलो र आखिरी श्लोक कण्ठ सुनाऊ ।

६. ठूलो शब्दको उल्टो अर्थ दिने शब्द 'सानो' भए झैं तलका शब्दहरूको उल्टो अर्थ दिने शब्दहरू के के हुन् ? लेख ।

| | |
|---|---|
| दायाँ | भित्र |
| पूर्व | सफा |
| फराकिलो | माथि |
| राम्रो | हलुका |

# वालि र रावण

लङ्का देशका राजा रावण निकै बलवान थिए। उनले लडाईंमा संसारका सबै वीरहरूलाई हराइसकेका थिए। तर देउताहरूका राजा इन्द्र-लाई उनले हराउन पाएका थिएनन्। रावणका छोरा मेघनाद पनि बाबु जस्तै वीर थिए। एक दिन रावणले छोरा मेघनादलाई बोलाएर भने, "बाबु, तिमीलाई थाहै छ, हामीले संसारका सबै जना राजाहरूलाई हराई आफ्नो कब्जामा ल्याइसकेका छौं। देउताहरूका राजा इन्द्र चाहिँ ज्यादै घमण्डी छन्। उनी हामीहरूलाई पटक्कै मन पराउँदैनन्। अब तिमी एउटा ठूलो फौज लिएर स्वर्गमा जाऊ र उनलाई जिती बाँधेर यहाँ ल्याऊ।"

मेघनाद आफ्ना बाबुको आज्ञा मुताबिक ठूलो राक्षससेना लिएर स्वर्गमा लडाईं गर्न गए। इन्द्रले घनघोर लडाईं गरे, तर मेघनादसँग उनको केही लागेन। लडाईंमा हारेपछि इन्द्रलाई बाँधेर मेघनादले आफ्नो दरबारमा ल्याए र उनलाई थुनेर राखे। इन्द्रलाई बचाउन ब्रह्माजी आफैं जानु भयो र रावणसित भनसून गरी कैदबाट छुटाउनु भयो। रावणले आफ्नो जीत भएकोमा ठूलो उत्सव मनाए।

यस उत्सवमा धेरैले भाग लिए। नारदजी पनि आफ्नो एकतारे बाजा बजाउँदै रावणको दरबारमा आए। उनले भने "रावण, तपाईं धन्य हुनुहुन्छ। तपाईंले इन्द्रलाई समेत आफ्नो छोराद्वारा हराउन लगाएकोमा मेघनादलाई "इन्द्रजित्" भन्नु ठीक हो। तपाईंको र इन्द्रजित्को बल र बुद्धिको गुणगान सबैको मुखबाट सुनिन लागेको छ। तर.........

"तर के ? भन्नुहोस् नारदजी" रावणले घमण्डले छाती फुलाउँदै प्रश्न गरे। "तर के भने बाटोमा सबैले तपाईंको गुणगान गरेको सुनें। एउटाले चाहिँ तपाईंको केही वास्तै गरेको देखिन" नारदले जवाफ दिए।

"मेरो गुणगान नगर्ने कसको आँट ? भन्नुहोस् नारदजी नडराईं, म त्यसको जात्रा गरेर छाडिदिन्छु" रीसले चूर भई रावणले भन्यो । मन-मनै हाँसी नारदजीले भने, "ती मानिस कहाँ हुन् र ! ती त बाँदरहरूका राजा बालि हुन् । रावण जाबाले मसँग के लड्ला ? म उसलाई सजिलैसँग पछार्न सक्छु भनी उनी भन्छन् ।" रावणको निम्ति यो बेइज्जतीको कुरा थियो । उनी रीसले बहुलाहा जस्तै भए । एउटा बाँदरले आफ्नो यत्रो अपमान गरेको सुनी तुरुन्तै आफ्ना सेनालाई तयार हुने आज्ञा दिए । नारदले भने, "हरे शिव ! एउटा बाँदरसित लड्न यत्रो सेना, अरूले के भन्लान् ?" रावणले केही समयसम्म सोचेर भने, "तपाईंले ठीक भन्नुभयो । हिँड्नुहोस्, म एक्लो गएर त्यस बाँदरको मिति पुऱ्याई दिन्छु ।"

रावणलाई लिएर नारदजी बालिको दरबारनिर पुगे । त्यस बेला बालि बाहिर बसी ध्यान गर्दै थिए । बालिनिर पुगी रावणले सोधे, "खोइ त, त्यो बाँदर कहाँ छ ? झट्ट देखाउनुहोस् । म त्यसको . . . . . . ।"

"ऊ क्या त ! यही अगाडि बसेका बाँदर बालि त हुन् नि," नारदजीले जवाफ दिनु भयो । "ओहो ! यो त पहाड जस्तै देखिन्छ ।" रावणले अलि आत्तिंदै भने । उनले त बाँदर यति ठूलो होला भन्ने सपनामा पनि चिताएका थिएनन् । "डराउनु भयो क्यारे ? यी बाँदर त हुन् नि", नारदले उनलाई झन् भड्काउँदै भने । रावणले नडराए जस्तै गरी भने, "अब उसको ध्यान भङ्ग नहुन्जेल हामीले पर्खनै पर्‍यो ।" तर मनमनै रावण डराएका हुनाले बालिसित लडाईं गर्ने उनको इच्छा भएन । नारदले सम्झाए "कहाँ हुन्थ्यो । ध्यान सक्नासाथ त रूखमा गई लुकिहाल्छन् नि । बरु झट्पट् यिनको पुच्छरमा समातेर तिनलाई पछार्नुहोस् ।"

रावणले "ठीक भन्नुभयो" भनी बालिको त्यो अजङ्गको पुच्छर समातेर तान्न लागे । उनले एउटा हातले पुच्छर तान्न सकेनन् । अनि दुवै

हालले पुच्छर समाई बल गरी तान्न लागे । त्यसै वेला वालिको ध्यान खुल्यो । अब उनी तीर्थयात्रामा जाने तयारीमा लागे । उनले आफ्नो पुच्छर फनक्क एक फन्का घुमाए । अनि त्यहाँबाट बुर्कुसी मारी देश विदेशको यात्रा शुरू गरे । वालिको पुच्छरले फन्को मार्दा रावण त्यसमा बेरिन पुगे । रावण पुच्छरबाट छुट्न नभ्याउँदै वालिले आफ्नो यात्रा पूरा गरिसकेका थिए ।



धेरै दिनसम्म वालिको पुच्छरमा अल्झिएर परमवीर रावण भोक र तिर्खाले आलस-तालस परेका थिए । तीर्थयात्रा सकी वालि आफ्नो राजधानी किष्किन्धा फर्की आए । उनले तीर्थयात्रा गरी फर्केकोमा उत्सव मनाउन संसारभरका बाँदरहरू त्यहीं जम्मा भए । केही बाँदरहरूले वालिको पुच्छरमा एउटा मानिस बेरिएको देखे । बाँदरहरूले त्यस मानिसलाई जिस्क्याउन लागे । बाँदरहरूका बीच अलि हल्लाखल्ला भएको देखी वालिले सोधे, "तिमीहरू किन हल्ला गर्दछौ ?" एउटा बाँदरले भन्यो, "हजूरको पुच्छरमा एउटा मानिस अल्झिएछ । त्यसैलाई देखी हामी हाँसेका हौं ।" वालिले आफ्नो

पुच्छरबाट त्यो मानिसलाई छुटाई दिएर भने "तपाईं को हुनुहुन्छ ? यहाँ कसरी पाल्नु भयो ?" रावणले शिर झुकाएर भने,–"म लङ्काको राजा रावण हुँ । तपाईंसित भेट गर्न आएको थिएँ । अकस्मात् तपाईंको पुच्छरमा बेरिएर मेरो यो गति भयो ।" "ओहो ! तपाईं त परमवीर रावण पो हुनुहुँदो रहेछ । मेरो भूललाई क्षमा गर्नु होला ।" वालिले भने । रावणले वालिसित लडाईं गर्ने कुरा बिर्सी आफ्नो टाउको निहुर्‍याएको निहुर्‍यायै सुइँकुच्चा ठोके । त्यसपछि उनले वालिसित लडाईं गर्ने साहस कहिल्यै पनि गरेनन् ।

### शब्द र अर्थ

| | |
|---|---|
| बलवान | = बहादुर |
| कब्जा | = अधीन |
| मुताविक | = अनुसार |
| घनघोर | = धूमधाम |
| गुणगान | = महिमा |
| साहस | = आँट |

## नमूना अभ्यास

१. वाक्यहरू जसका लागि हो उसैको निम्ति रहेको खाली ठाउँमा जनाऊ

(क) उनी लङ्काका राजा थिए . . . . . . ।

(ख) उनले इन्द्रलाई हराएका . . . . . .थिए ।

(ग) तिनीहरू रावणलाई देखी हाँसे . . . . . . . ।

(घ) आफ्नो अपमान गरेकोमा रावण यिनीलाई सजायँ दिन चाहन्थे ।

२. रावणले वालिलाई भेटी फर्केपछि आफ्नो दरबारमा के के भने होलान् ?

३. यस पाठको शीर्षक अरू के दिन सकिन्छ ?

४. वालिसित फेरि लडाईं गर्नु परेको भए रावणले के गर्थे ?

**५. निम्नलिखित वाक्यहरू मध्ये जुन ठीक छ त्यसमा यस्तो √ चिनो लगाऊ**

(क) वालिको सामु जानुभन्दा पहिले पूरा तयारी गरेको भए रावणले त्यति बेइज्जती सहनु पर्ने थिएन ।

(ख) उनले नारदको कुरापट्टि ध्यान नदिएको भए रावणको बेइज्जती हुने थिएन ।

(ग) उनले नारदका कुरामा विश्वास नगरेको भए रावणको बेइज्जती हुने थिएन ।

**६. तलका वाक्यहरूमा मुन्तिर धर्को तानी चिन्ह लगाइएका शब्दहरूको उचित भाव प्रकट हुने शब्द लेख । उदाहरणको लागि लङ्का देश भन्नाले कुन ठाउँमा हो भन्ने थाहा हुन्छ । अब हामीले कहाँ भन्ने शब्दको मुनि लङ्का देशका भन्ने शब्द लेख्नु पर्दछ ।**

(क) लङ्का देशका राजा रावण निकै बलवान् थिए ।

(ख) एक दिन रावणले आफ्नो छोरा मेघनादलाई बोलाए ।

(ग) इन्द्रले पूरा शक्ति लगाई घनघोर युद्ध गरे ।

(घ) ओहो ! यो त पहाड जस्तै देखिन्छ ।

| **कहाँ** | **कहिले** | **कसरी** | **कस्तो** |
|---|---|---|---|
| लङ्का देश | | | |

**७. तल दिइएका शब्दहरू पढ । प्रत्येक शब्दमा दुई शब्द जोडिएका छन् । ती शब्दहरू छुट्ट्याई लेख**

जस्तैः– राष्ट्रपिता = राष्ट्र + पिता

राजकाज

कलाकौशल

राजारजौटा

राजपाठ

नियाँनिसाफ गर्नेहरू

राजदरबार

# शैक्षिक भ्रमण

त्रिपुरेश्वर
काठमाडौं
मिति – ०३६।२।१४।२

श्री प्यारा साथी भरत,

नमस्कार ।

हामी शैक्षिक भ्रमणमा हिंड्ने वेला तिमी बिरामी भयौ । सँगै आउन पाएको भए कति रमाइलो हुन्थ्यो । हामीले हिजो चिडियाखाना हेर्‌यौं । त्यो देखेर हामी दङ्ग भयौं । सबै हेर्न पूरै दिन लाग्यो ।

चिडियाखाना जाउलाखेलमा रहेछ । हिजो हामीलाई गुरुले त्यहाँ लैजानु भयो । त्यहाँ त बनका बाघ, भालू र अरू जनावरहरूलाई जिउँदै थुनेर राखेका रहेछन् । बाबै ! कसरी थुने होलान् त्यस्ता बाघ भालूलाई । गुरै हुन् ती मानिस त ।

चिडियाखानामा पस्ने बित्तिकै पहिले त हामीले जरायो र मृग देख्यौं । जरायोको त रूखका हाँगा जस्तै सिङ हुँदारहेछन् । ओहो ! मृग त कस्तो राम्रो, देख्दैमा रहर लाग्दो । अनि हामीले बाघ देख्यौं । पहिले त उसलाई देखेर हामी झसङ्ग झस्कियौं, पछि त्यो खोरभित्र थुनिएको छ भन्ने थाहा पाएपछि बल्ल सास आयो ।

चिडियाखाना हेर्दै जाँदा हामीहरू चरा भएको ठाउँमा पुग्यौं । त्यहाँ धेरै राम्रा राम्रा चरा रहेछन् । ती मध्ये मलाई त कल्कीवाल चरा नै राम्रो लाग्यो । नेपालको राष्ट्रिय चरो डाँफे भन्ने पनि त्यहीं रहेछ ।

त्यहाँ अरू पनि धेरै थरी जनावर र चराहरू थिए । ती सबै चिठीमा लेखेर साध्यै छैन । यसबाट हामीलाई धेरै ज्ञान बढ्ने रहेछ ।

काठमाडौंमा त हेर्न लायकका ठाउँ धेरै रहेछन् । केही हेरी सक्यौ, केही हेर्न बाँकी नै छ । सबै हेर्न पाए कति जाति हुन्थ्यो । अर्को साल तिमीसँगै आएर फेरि हेरौंला । अहिलेलाई यति नै ।

तिम्रो साथी
मुकुन्द

## खामको नमूना

टिकट

पठाउने
मुकुन्दप्रसाद सिंह,
त्रिपुरेश्वर,
काठमाडौं ।

श्री भरतराज शर्मा,
चितवन माध्यमिक विद्यालय,
नारायणघाट,
चितवन, नेपाल ।

**शब्द र अर्थ**

सुरै = बहादुरै
हेर्न लायक = हेर्नु पर्ने

## नमूना अभ्यास

१. तल सोधिएका प्रश्नको उत्तर लेख

(क) भरत किन शैक्षिक भ्रमण जान पाएनन् ?

(ख) चिडियाखानामा के के रहेछन् ?

(ग) डाँफे चरा र अरू चरामा के फरक छ ?

**२. तलका वाक्यका खाली ठाउँमा कोठाभित्र दिएका मिल्दो शब्द छानी भर**

(क) चिडियाखाना देखेर हामी... ...भयौं । (दङ्ग, झसङ्ग)

(ख) चिडियाखाना... ... ...मा रहेछ । (जाउलाखेल, धुलिखेल)

(ग) ... ... ... ...हाम्रो राष्ट्रिय चरो हो । (डाँफे, मुजूर)

**३. तल दिइएका शब्दहरू सुन र लेख**

भ्रमण, झम्टियो, चिडियाखाना, राष्ट्रिय, झसङ्ग

४. विद्यालयबाट बाहिर जाँदा पाएका अनुभव हाली आफ्ना बा, आमा अथवा दाजुलाई चिठी लेख ।

५. एउटा खामको नमूना बनाऊ र चिठी पठाउनेको नाम, ठेगाना लेख ।

**६. तलका वाक्य पढ र चाहिने ठाउँमा आवश्यक विराम चिन्ह राख**

त्यहाँ अरू पनि धेरै थरी जनावर र चराहरू थिए, ती सबै चिठीमा लेखेर साध्यै छैन ।

# सगरमाथा



हिमालय पर्वत नेपालको उत्तरी भागमा पर्छ। यो पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । सगरमाथा हिमालयको अग्लो टाकुरो हो । यो पूर्वी नेपालको सोलुखुम्बु जिल्ला र सगरमाथा अञ्चलमा पर्दछ । सगरमाथाको नामबाट नै यस अञ्चललाई सगरमाथा अञ्चल भनिएको हो । यस भेगका हिमाली शिखरलाई महालङगूर पर्वत-माला भन्दछन्। महालङगूर हिमालयको टुप्पोलाई सगरमाथा भन्दछन् । यो संसारको सबभन्दा अग्लो टाकुरो हो। यसको नाम संसारभर प्रसिद्ध छ । यसकै नामले विदेशीहरू नेपाललाई सगरमाथाको देश भन्छन् । सगरमाथाले संसारभरी हाम्रो इज्जत राखेको छ। सगरमाथाको पल्लोपट्टि चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ। त्यहाँका मानिसहरू सगरमाथालाई झ्यामोलिङमा भन्दछन्। अङग्रेजी भाषामा यसलाई एभरेष्ट भन्दछन् । सगरमाथा हेर्दा मनै लोभिन्छ । बाह्रै महीना यो हिउँ नै हिउँको दोलाईँ ओडेर उभिए जस्तो लाग्छ । बिहान घामको किरण पर्दा सुनै सुनले पोते झैं चम्कन्छ। साँझमा सूर्य अस्ताउँदा सिम्रिकले फागु खेले झैं रङ्गीबिरङ्गी हुन्छ । रातमा चाँदी झैं टल्किन्छ । यसलाई हेर्न संसारभरका मानिसहरू हुरुक्क हुन्छन् । कोही पैदलै आएर हेर्छन् । कोही हवाईजहाजबाट हेर्छन् ।

अहिले संसारमा सगरमाथाको नाम नसुन्ने कोही छैन। धेरै देशका मानिस वर्षे नै यहाँ आउँछन्। यसमध्ये कतिपय सगरमाथालाई हेर्न भनेर आउँछन्। कति यसको धुरीमा चढ्ने भनेर आउँछन्। यसमा चढ्न सके मानिस ठूलो पुरुषार्थीमा गनिन्छ। यहाँ चढेपछि योभन्दा अग्लो ठाउँ चढ्न बाँकी रहन्न। मानिसले धेरै वर्ष अगाडिदेखि नै सगरमाथा चढ्ने आँट गरेका थिए। आँट गर्दा गर्दै एक जना नेपाली र एकजना विदेशी सबभन्दा पहिले त्यहाँ पुगे। उनीहरूको नाम तेन्जीङ सेर्पा र एडमण्ड हिलारी हो। यो साहसिलो काम गरेकाले संसारमा उनीहरूको ठूलो नाम छ। अहिले पनि सगरमाथा आरोहण गर्न भनेर देश विदेशका धेरै मानिस आउँछन्। तर थोरै मात्र त्यहाँ पुग्न सफल भएका छन्।

त्यहाँ जाने यात्रीहरू नाम्चेबजार भएर जान्छन्। यो बजार सगरमाथाको फेदीमा पर्छ। त्यहाँ दूधकोशी र भोटेकोशीको सङ्गम छ। त्यसको वरिपरि लालीगुराँश र अरू जात जातका फूल फुल्छन्। त्यहाँ बाघ, भालू, कस्तूरी जस्ता जनावरहरू पाइन्छन्।

हरेक वर्ष सगरमाथा चढ्न र हेर्न आउने विदेशीहरूको घुइँचो लाग्छ। यसबाट नेपालीलाई धेरै फाइदा भएको छ। सगरमाथाको फेदीमा बसोबास गर्ने शेर्पाहरूले यसबाट धेरै काम पाएका छन्। उनीहरू सगरमाथा चढ्न आउने यात्रीहरूको मालसामान ओसारपसार गरेर पैसा कमाउँछन्। कति शेर्पाहरू त उनीहरूसँग तालीम लिएर सगरमाथाको चुचुरोसम्म पुग्छन्।

हामी धेरै भाग्यमानी छौं। हाम्रो देश संसारको नक्शामा सानो होला तर सगरमाथा सानो छैन। त्यो हाम्रै मुलुकमा छ। यसले हाम्रो मान मर्यादा बढाएको छ। यो सधैं अटल छ। सधैं यो खडा छ। यसलाई देख्दा सधैं हाम्रो शिर ठाडो हुन्छ।

**शब्द र अर्थ**

| | | |
|---|---|---|
| टाकुरा | = | चुचुरो, शिखर |
| पुरुषार्थी | = | बहादुरी |
| फेदी | = | बेसी, जहाँबाट पहाड शुरु हुन्छ। |

## नमूना अभ्यास

**१. तल सोधिएका प्रश्नहरूको उत्तर लेख**

(क) हिमालय केलाई भन्दछन् ?
(ख) सगरमाथा कुन जिल्लामा पर्दछ ?
(ग) सगरमाथा भनेको के हो ?
(घ) चिनियाँ भाषामा सगरमाथालाई के भन्दछन् ?
(ङ) सगरमाथालाई हेर्दा किन हाम्रो मन लोभिन्छ ?
(च) सगरमाथामा सबभन्दा पहिलो पुग्ने मानिसहरूको नाम के के हुन् ?
(छ) दूधकोशी र भोटेकोशीको सङ्गम कहाँ छ ?
(ज) सगरमाथाको फेदीमा बस्ने शेर्पाहरू कसरी पैसा कमाउँछन् ?
(झ) किन सगरमाथालाई देख्दा हाम्रो शिर ठाडो हुन्छ ?

**२. तलका प्रश्नको जवाफ देऊ**

(क) सगरमाथा जाने यात्रीहरू कुन बजार भएर जान्छन् ?
(ख) नाम्चे बजार कहाँ पर्छ ?

**३. तल दिइएका प्रश्नको ठीक उत्तरमा यस्तो (√) चिन्ह लगाऊ**

(अ) हिमालयले छुट्ट्याइएको–
 (क) नेपालको दक्षिण सिमाना
 (ख) नेपालको उत्तरी सिमाना
 (ग) नेपालको पूर्वीय सिमाना

(आ) हिमालय फैलिएको छ–

(क) पूर्वदेखि पश्चिमसम्म

(ख) उत्तरदेखि दक्षिणसम्म

(ग) पूर्वदेखि उत्तरसम्म

**४. तल दिइएका वाक्यमा क्रम मिलाऊ**

(क) साँझमा अस्ताउँदा सूर्य फागु सिम्रिकले खेले झैं हुन्छ रङगीबिरङगी ।

(ख) यात्रीहरू त्यहाँ जाने भएर जान्छन् नाम्चे बजार ।

**५. तलका शब्दमा विशेषण थप**

. . . . . . कुकुर

. . . . . . घर

. . . . . . काम

. . . . . . घाम

. . . . . . पाठ

**६. तलका नाम र विशेषणमा जोडा मिलाऊ**

| **विशेषण** | **नाम** |
|---|---|
| तातो | खाल्टो |
| चलाख | विद्यार्थी |
| पुड्को | घाँस |
| सानो | मानिस |
| हरियो | पानी |

## कक्षागत रूपमा कक्षा ४ का विद्यार्थीले गाउने

## राष्ट्रिय गीत

नेपाल आमा कहिं छौ घाम कहिं छौ छाया हे
परन्तु सारा सन्तान माथि एउटै माया हे, एउटै माया हे } ... २

गण्डकी कोशी कर्णाली भेरी र महाकालीको
यो देश मेरो सोरठी घाटू भैलो र ख्यालीको
हजार तीर्थ हजार मेला हजार पर्व हे
परन्तु एउटै आँगनमा खेल्ने सुखको स्वर्ग हे, सुखको स्वर्ग हे

नेपाल आमा कहिं छौ घाम कहिं छौ छाया हे
परन्तु सारा सन्तान माथि एउटै माया हे, एउटै माया हे

फुलवारीभरि छत्तीस थरी फूलै र फुलेको
यो देश मेरो कठोर पौरख कोमल दिलको
हजार दिल हजार आँखा हजार पाउ हे
परन्तु एउटै मूर्तिमा विराट् नेपाली नाउँ हे, नेपाली नाउँ हे

नेपाल आमा कहिं छौ घाम कहिं छौ छाया हे
परन्तु सारा सन्तान माथि एउटै माया हे, एउटै माया हे

महेन्द्र माला